# बिद्यालय जीवनका लागि सहयोगसंग सम्बन्धि जानकारी अभिभावकहरुका निमित्त

●०१ नेपाली भाषा अभिभावकका निमित्त विषय सुची

●०२ अध्ययन तथा बिद्यालय परिवर्तन प्रक्रियाको बारेमा

●०३ जापानको शिक्षा प्रणाली

●०४ नर्सरी बिद्यालयको बारेमा

●०५ प्राथमिक बिद्यालय भन्नाले कस्तो ठाँउ हो ? (बिद्यालय जीवन)

●०६ प्राथमिक बिद्यालय भनेको कस्तो ठाँउ हो ? (क्रियाकलापहरु)

●०७ माध्यामिक बिद्यालय भनेको कस्तो ठाँउ हो ? (बिद्यालय जीवन)

●०८ माध्यामिक बिद्यालय भनेको कस्तो ठाँउ हो ? (क्रियाकलापहरु)

●०९ माध्यामिक बिद्यालयको अध्ययन पुरा गरे पछिको बाटोहरुका बारेमा

●१० उच्च माध्यामिक बिद्यालय भनेको कस्तो ठाँउ हो ?

●११ उच्च माध्यामिक बिद्यालयको प्रवेश परिक्षा प्रणाली

●१२ उच्च माध्यामिक बिद्यालय उत्तीर्ण भए पछि

●१३ बिद्यालयमा प्रयोग हुने विभिन्न बस्तु तथा सामाग्रीहरुको परिचय

●१४ बिद्यालय, क्षेत्रमा भाषा अनुवादकको व्यवस्था सम्बन्धि प्रणाली

●१५ ईन्टरनेशनल स्कुलहरुको विवरण

●१६ बिद्यालय, क्षेत्रको जापानी भाषा कक्षा

●१७ जीवनयापन, श्रम, चिकित्सा र शिक्षा सम्बन्धि विषयहरुका बारेमा (सम्बन्धित संस्थाहरुको विवरण)

●१८ बच्चाहरुलाई बिद्यालयमा व्यावसायिक पाठ पढाउने प्रणाली (ओसाका प्रिफेक्चर मानव संसाधन बैंक)

●१९ काम लगाई दिने निकाय (हेल्लो वर्कको जीवनयापन, श्रम, चिकित्सा र शिक्षा सम्बन्धि बिषयहरुका बारेमा (सम्बन्धित संस्थाहरुको विवरण)

●२० काम गर्न चाहने व्यक्तिहरुका लागि ज्ञा व्यावसायिक न र प्रविधिका बारे अध्यापन गराउने बिद्यालयहरु (काम गर्नको चाहिने प्रविधि सिकाउने स्थान)

●२१ माध्यामिक बिद्यालय उत्तीर्ण भए पछि के गर्ने ? तुरुन्तै स्वदेश फर्कनु पर्ने हो ? (बिद्यार्थीको भविष्यको बाटोहरु)

●२२ बच्चा बिद्यालय जान मान्दैन (बिद्यालय नजाने अवस्था)

## ०२ अध्ययन तथा बिद्यालय परिवर्तन प्रक्रियाको बारेमा माथि

◎ नर्सरी बिद्यालयमा भर्ना (नर्सरी बिद्यालयमा शुरुबाट अध्ययन गर्ने)

◆ किन्डरगार्टनमा भर्ना

१. भर्खर जापान आई रेसिडेन्ट कार्ड (बसोबास परिचय पत्र) पाउनु भएका व्यक्तिहरुले रेसिडेन्ट कार्ड लिएर आफु बसोबास गर्ने नगरपालिका, शहर, गाँउपालिका जस्ता स्थानीय निकायको सिमिन खा (नागरिक बिभाग) (स्थानीय निकाय अनुसार ज्युमिन खा वा अन्य शब्द पनि प्रयोग गरिएको हुन सक्छन) मा गएर बसोबास दर्ता (ज्युमिन तोरोकु) गराउनु पर्दछ ।

२. बच्चा लाई भर्ना गराउन चाहनु भएको बिद्यालयको आवेदन फर्म (न्युएन गान्स्यो) लिएर आवश्यक विवरण भरि सम्बन्धित नर्सरी बिद्यालयमा बुझाउनु पर्दछ ।

३. निर्धारित मितिमा सम्बन्धित नर्सरी बिद्यालयमा जानु पर्दछ ।

◎ भर्ना (बिद्यालयमा शुरुबाट अध्ययन गर्ने)

◆ प्राथमिक, माध्यामिक बिद्यालयमा भर्ना हुने भएमा

१. भर्खर जापान आई रेसिडेन्ट कार्ड (बसोबास परिचय पत्र) पाउनु भएका ब्यक्तिहरुले रेसिडेन्ट कार्ड लिएर आफु बसोबास गर्ने नगरपालिका, शहर, गाँउपालिका जस्ता स्थानीय निकायको सिमिन खा (नागरिक बिभाग) (स्थानीय निकाय अनुसार ज्युमिन खा वा अन्य शब्द पनि प्रयोग गरिएको हुन सक्छन) मा गएर बसोबास दर्ता (ज्युमिन तोरोकु) गराउनु पर्दछ ।

२. आफु बसोबास गर्ने नगरपालिका, शहर, गाँउपालिका जस्ता स्थानीय निकायको शिक्षा समिति शिक्षा विभाग (गाकुजि खा) मा गई भर्ना हुन चाहेको कुरा बताउनु पर्दछ। अध्ययन पुस्तिकामा दिइएको फारममा आवश्यक विवरण भरी सम्बन्धित कर्मचारीलाई बुझाउनु पर्दछ । बसोबास दर्ता (ज्युमिन तोरोकु) गरी सम्बन्धित स्थानमा बसोबास गरी सक्नु भएको अभिभावकहरुका बालबच्चा बिद्यालय जाने उमेर भई सकेका छन भने सम्बन्धित स्थानीय निकायका शिक्षा समितिबाट अध्ययन पुस्तिका पठाइन्छ । त्यसमा भएको फारम भरेर बुझाउनु पर्दछ ।

३. केहि दिन पछि स्थानीय निकायले भर्ना सम्बन्धी सुचना (न्युगाकु चुउचीस्यो) पठाउँछ र बच्चा भर्ना गराउन चाहेको बिद्यालयको नाम ठेगाना निश्चित गरिन्छ । (कार्यालयमा आवेदन दिनु भएमा भर्ना अनुमति पत्र (न्युगाकु क्योउखास्यो) तुरुन्त पाउन सकिन्छ ।)

४. निर्धारित मितिमा सम्बन्धित बिद्यालयमा भर्ना गराउने बच्चा संग जानु पर्दछ । त्यसबेलामा शिक्षा बिभाग (गाकुजि खा)बाट पाएको भर्ना अनुमति पत्र र भर्ना सम्बन्धि सुचना पत्र लिएर जानु पर्दछ । जापानमा बच्चाको उमेर अनुसार बिद्यालयको कक्षा तय गरिन्छ । (यो बर्षको अप्रिल २ तारिक देखि अर्को बर्षको अप्रिल १ तारिक भित्र जन्मिएका बच्चाहरुको कक्षा एउटै हुन्छ । )

प्राथमिक, माध्यामिक बिद्यालयमा जापानी भाषा मार्फत अध्ययन गर्न गा्हो भएमा कक्षामा भाषा अनुबादक पठाउन सकिने क्षेत्रहरु पनि छन । त्यस्तै कक्षामा भाषा अनुबादक उपलब्ध नहुने भएपनि बैठक लगायत अभिभावकहरु बिद्यालयमा आउनु हुने बेलामा बच्चासंग अनुवादक उपलब्ध हुन सक्छ । विस्तृत जानकारीका निम्ति सम्बन्धित बिद्यालयका शिक्षक शिक्षिका संग सल्लाह गर्नुहोस ।

(नर्सरी तथा उच्च माध्यामिक बिद्यालयहरुमा हुने बैठक, सभाहरुमा भाषा अनुबादकको उपस्थिति हुन सक्ने अवस्था पनि हुन्छ ।)

◆उच्च माध्यामिक विद्यालयमा भर्ना

▪उच्च माध्यामिक विद्यालयमा भर्ना हुनको लागि प्रवेश परिक्षा दिन जरुरी छ । विस्तृत जानकारीको लागि माध्यामिक विद्यालयको अध्ययन पुरा गरे पछिको बाटोहरुका बारेमाउल्लेख गरिएको पेज वा उच्च माध्यामिक विद्यालयको प्रवेश परिक्षा प्रणाली उल्लेख गरिएको पेज हेर्नुहोस ।

◎ विद्यालय परिवर्तन (बिचबाट अध्ययन गर्ने)

◆ प्राथमिक तथा माध्यामिक विद्यालयहरुमा बिचमा भर्ना हुने

१. भर्खर जापान आई रेसिडेन्ट कार्ड (बसोबास परिचय पत्र) पाउनु भएका ब्यक्तिहरुले रेसिडेन्ट कार्ड लिएर आफु बसोबास गर्ने नगरपालिका, शहर, गाँउपालिका जस्ता स्थानीय निकायको सिमिन खा (नागरिक बिभाग) (स्थानीय निकाय अनुसार ज्युमिन खा वा अन्य शब्द पनि प्रयोग गरिएको हुन सक्छन) मा गएर बसोबास दर्ता (ज्युमिन तोउरोकु) गराउनु पर्दछ ।

२. आफु बसोबास गर्ने नगरपालिका, शहर, गाँउपालिका जस्ता स्थानीय निकायको शिक्षा समिति शिक्षा बिभाग (गाकुजि खा) मा गई बिचमा भर्ना भई अध्ययन गराउन चाहेको कुरा बताउनु पर्दछ । त्यहाँबाट पाईने अध्ययन पुस्तिकामा दिइएको फारममा आवश्यक विवरण भरी सम्बन्धित कर्मचारीलाई बुझाउनु पर्दछ ।

३. निर्धारित मितिमा सम्बन्धित विद्यालयमा जानु पर्दछ । त्यसबेलामा शिक्षा बिभाग (गाकुजि खा) बाट पाएको बिचमा भर्ना हुने अनुमति पत्र लिएइर जानु पर्दछ ।

◆ उच्च माध्यामिक विद्यालयहरुमा बिचमा भर्ना हुने

ओसाका प्रिफेक्चरबाट संचालित उच्च माध्यामिक विद्यालयहरुका पुर्णकालीन शिक्षा प्रणालीको भर्ना शर्त अनुसार अभिभावक र विद्यार्थी ओसाका प्रिफेक्चर भित्र बसोबास गरेको हुनु पर्ने र निश्चित समय शिक्षा प्रणालीको भर्ना शर्त सम्बन्धित विद्यार्थी ओसाका प्रिफेक्चर भित्र बसोबास वा कार्यरत हुनु पर्ने हुन्छ । त्यस्तै बिदेशमा (आफ्नो देशमा) अध्ययन गरेको विद्यालयको लब्धांक पत्र (मार्कशीट) आवश्यक पर्दछ ।

१. ओसाका प्रिफेक्चर शिक्षा कार्यालय (शिक्षा बिकास कक्ष उच्च माध्यामिक विद्यालय बिभाग शैक्षिक समुह ) मा गई उच्च माध्यामिक विद्यालयमा बिच बाट भर्ना हुन चाहेको ब्यहोरा अवगत गराउनु पर्दछ ।


२. शिक्षा कार्यालयले बिचबाट भर्ना हुनको लागि सबै शर्त पुरा भए नभएको यकिन गरि, जापानी भाषा क्षमता लगायतका कुरा यकिन गरी बिचबाट अध्ययन गर्न चाहेको विद्यालयसंग परामर्श गरी प्रक्रिया अगाडी बढाउँनु पर्दछ ।

३. हरेक सेमेष्टर शुरु हुने केहि समय पहिले बिचबाट भर्ना भई अध्ययन गर्ने प्रक्रिया शुरु गरिन्छ । बिचबाट भर्ना हुनको लागि लिईने प्रवेश परिक्षाको बिषयहरु भने विद्यालय अनुसार फरक हुन सक्छ तर साधारणतया शैक्षिक स्तर जाँच्ने परिक्षा लिइन्छ ।

४. बिचबाट भर्ना हुनको लागि लिइने प्रवेश परिक्षा उत्तीर्ण भएमा उच्च माध्यामिक विद्यालयमा बिचमा भर्ना भई अध्ययन गर्न सकिन्छ ।

जापानको विद्यालय प्रणाली

०३ **जापानको शिक्षा प्रणाली** माथि




जापानको विद्यालय प्रणाली

०४ **नर्सरी बिद्यालयको बारेमा** माथि

बालबच्चाले पहिलो पटक जाने शैक्षिक संस्थाा भनेको नर्सरी बिद्यालय हो । ३ बर्षको उमेर देखि प्राथमिक बिद्यालयमा भर्ना हुनु अघि सम्मका बाल बच्चाहरुले जापान भरी जुन सुकै ठाँउमा पनि निर्धारित शिक्षा पाठ्यक्रम अनुसारको शिक्षा लिन पाँउछन । (नर्सरी बिद्यालय अनुसार ३ बर्षको जन्मदिनको बेलामा अप्रिल सम्म नकुरी भर्ना हुन सकिने बिद्यालयहरु पनि छन ।) नर्सरी बिद्यालयहरु भनेको बाल बच्चाहरुले पहिलो पटक सामुहिक जीवन शुरु गरी आफनो क्षमता बिस्तार गर्दै जाने ठाँउ हो ।

नर्सरी बिद्यालयहरुमा प्राथमिक तथा माध्याामिक बिद्यालयहरुमा भन्दा फरक तरिकाले खेल तथा बौद्धिक क्रियाकलाप लाई प्राथमिकतामा राखी अध्ययन गराईन्छ । यहाँ पाठयपुस्तकको प्रयोग गरिदैन र बिभिन्न खेल तथा बौद्धिक क्रियाकलापहरु मार्फत अन्य ब्यक्तिहरु संग घुलमिल हुन सक्ने, शब्दको उचित प्रयोग गर्न सक्ने, प्रकृतिको सुन्दरता तथा आश्चर्यताको अनुभव गर्न सक्ने जस्ता गुणहरुको बिकास गराइन्छ । यहाँको प्राप्त गरेको शिक्षाले नै प्राथमिक बिद्यालय पछिको अध्ययनको जग बनाउने गर्दछ ।

खेल भनिएता पनि नर्सरी बिद्यालयमा शिक्षक शिक्षिकाहरुले प्रत्येक बच्चाहरुको बौद्धिक बिकासको लागि आवश्यक कुराहरुको आँकलन गरी अध्ययन गराउने योजना तयार गर्ने गर्दछन ।

【कक्षा】

३ बर्ष समुहको कक्षा, ४ बर्ष समुहको कक्षा, ५ बर्ष समुहको कक्षा गरी ३ तहका कक्षा हुन्छन ।

【शिक्षिक शिक्षिका】

एउटा कक्षा मा ३५ जना भन्दा कम बच्चाहरु हुन्छन र कक्षा शिक्षक १ जना हुन्छन ।
त्यसबाहेक प्रिन्सिपल र अफिस कर्मचारी पनि रहेका हुन्छन ।

【बिद्यालय क्षेत्र】

सार्वजनिक बिद्यालयहरुका हकमा बिद्यालय क्षेत्र तोकिएको हुन्छ भने निजीमा तोकिएको हुँदैन ।

【बिदा】

गर्मी बिदा, जाडो बिदा, वसन्त यामको बिदा हुन्छन । त्यस्तै सार्वजनिक बिद्यालयहरुमा शनिवार पनि बिदा हुन्छ ।

निजी र सार्वजनिक बिद्यालय बिचको फरक

जापानको शिक्षा तथा विज्ञान मन्त्रालयले निर्देशित गरे अनुसार यी दुबै थरिका बिद्यालयले दैनिक क्रियाकलापहरु संचालन गर्ने गर्दछन । निजीमा चाँहि शुल्क अलि बढि हुने भएतापनि अंग्रेजी अध्यापन गराउने समय हुनुका साथै बिद्यालयमा रहने घण्टा बढाउन सकिने सुविधाहरु हुन्छन ।

- प्रमुख बार्षिक क्रियाकलापहरु (नर्सरी बिद्यालय अनुसार फरक हुन सक्छ ।)

| | |
|---|---|
| अप्रिल | पहिलो सेमेष्टर प्रारम्भ समारोह, भर्ना समारोह, बिद्यार्थीको घर भ्रमण |
| मे | चिल्डरेन डे, दिउँसोको खाना दिन शुरु, मदर्श डे, पिकनिक * |
| जून | दन्त परिक्षणको दिन, फादर्स डे, स्वास्थ्य परिक्षण |
| जुलाई | पानी खेल्ने दिन, तानाबाता पर्व, अभिभावक र घरबाट छुटिएर अध्ययनार्थ रात बिताउने दिन, पहिलो सेमेष्टर समापन समारोह |
| अगस्ट | गर्मी बिदा |
| सेप्टेम्बर | दोश्रो सेमस्टर प्रारम्भ समारोह, बृद्धबृद्धा सम्मान गर्ने दिन |
| अक्टोबर | खेलकुद प्रतियोगिता, आलु खन्ने, पिकनिक * |
| नोभेम्बर | सिचिगोसान पर्व, लेबर थ्यांक्स गिविङ्ग डे |

| | |
|---|---|
| डिसेम्बर | शैक्षिक प्रस्तुतिकरण समारोह, क्रिसमस पर्व, सरसफाई कार्यक्रम, दोश्रो सेमेष्टर समापन समारोह |
| जनवरी | जाडो बिदा, तेश्रो सेमेष्टर प्रारम्भ समारोह |
| फेब्रुअरी | सेचुबुन माकी |
| मार्च | हिनामाचुरी, दिक्षान्त समारोह, तेश्रो सेमेष्टर समापन समारोह, वसन्त बिदा |

* अभिभावक र बालबच्चा तथा बालबच्चा र शिक्षक शिक्षिका संगैको पिकनिक पनि संचालन गरिन्छ ।
त्यस बाहेक हरेक महिनामा उक्त महिनामा जन्मिएका बालबच्चाका निम्ति जन्मदिन समारोह हुने गर्दछ ।

## ०५ प्राथमिक विद्यालय भन्नाले कस्तो ठाँउ हो ? (विद्यालय जीवन)

माथि

ओसाकामा अवस्थित सार्वजनिक प्राथमिक विद्यालयहरुमा निम्न लिखित नियमहरु हुन्छन । विद्यालय अनुसार नियमहरु फरक पनि हुन सक्ने भएकोले सम्बन्धित विद्यालयका शिक्षकसंग प्रत्यक्ष सोध्नुहोस ।

### ◆ विद्यालयमा आउने बारे

१ विद्यालय आउने जाने बाटो

सुरक्षित रुपमा विद्यालय आउन जानका लागि प्रयोग गरिने बाटो निश्चित गरिएको हुन्छ । यसलाई जापानी भाषामा चुउगाकुरो भनिन्छ । विद्यालयले सकेसम्म खतरा मुक्त बाटो तय गर्ने हुनाले सोहि बाटोबाट मात्र आउने जाने गर्नु पर्दछ ।

२ विद्यालय आउने जाने तरिका

- सामुहिक रुपमा आउने जाने

  यो भनेको नजिकै बस्ने विद्यार्थीहरुको एउटा समुह बनाएर विद्यालय आउने जाने तरिका हो ।

  ढिला नहुने गरी सधैं भेला हुने स्थानमा जानु पर्दछ ।

- व्यक्तिगत रुपमा आउने जाने

  एक्लै वा नजिकै बसोबास गर्ने विद्यार्थीसाथी संग विद्यालय आउने जाने तरिका हो ।

### ◆ कक्षा शुरु हुने समय (विद्यालय शुरु हुने समय)

विद्यालय बिहान ८:२५ देखि ८:३० सम्ममा शुरु हुन्छ । विद्यालय शुरु हुनु १० मिनेट अघि सम्ममा विद्यालयमा पुगि सक्नु पर्छ । कक्षा शुरु हुने बेला सम्ममा पनि विद्यालयमा नपुगेमा ढिला भएको मानिन्छ । ढिला हुने भएमा तथा अस्पताल जानु पर्ने भएमा अनिवार्य रुपमा विद्यालयमा खवर गर्नु पर्दछ ।

### ◆ विद्यालयमा रहने समय

बार तथा अध्ययन गर्ने बर्ष अनुसार कक्षाको संख्या र घर फर्कने समय फरक हुन्छ । प्राथमिक विद्यालयको छैठौं बर्षमा बिहान ८:३० तिरबाट विद्यालय शुरु भई बिहानी खण्डमा ४ पिरियड (४५ मिनेटको एक पिरियड) को कक्षा संचालन गरिन्छ । दिउँसोको खाना (विद्यालय खाना वा ब्यक्तिगत खाना) पछि २ पिरियड गरि दैनिक ५ देखि ६ पिरियड कक्षा संचालन गरिन्छ । हरेक कक्षा शिक्षकले प्रमुख जिम्मेवारी लिई कक्षा संचालन गर्दछन ।

### ◆ विद्यालय खाना (विद्यालयले उपलब्ध गराउने दिउँसोको खाना) अथवा ब्यक्तिगत खाना (घरबाट लिई आउने खाना)

ओसाका प्रिफेक्चरका अधिकांश प्राथमिक विद्यालयहरुले विद्यालयमै खाना उपलब्ध गराउँछ । विद्यार्थीहरुले आलोपालो गरि खाना बाँडने तथा खान सकिए पछि सामान मिलाउने जस्ता कार्य गर्दछन । यसलाई खाना बाँडने पालोको ब्यक्ति (क्युस्योकु गाखारी) भनिन्छ । सेमेष्टर प्रारम्भ हुने तथा बिशेष कार्यक्रमका दिनहरुमा खाना उपलब्ध नहुन पनि सक्छ । त्यस्तै घरबाट खाना ल्याउन पर्ने दिनहरु पनि हुन सक्छन । त्यस्तो अवस्थामा विद्यालयबाट जानकारी दिइन्छ । धार्मिक तथा एलर्जीका कारणले खान नहुने कुरा छ भने कक्षा शिक्षक लाई खबर गर्नुहोस ।

विद्यालय खानाको सामाग्री शुल्क अभिभावकले तिर्नु पर्दछ । १ महिनामा लगभग ४,००० देखि ५,००० येन लाग्दछ ।

◆ सरसफाईको समय

प्राथमिक बिद्यालयमा खाना खाए पश्चात सरसफाईको समय निश्चित गरिएको हुन्छ । बिद्यार्थीले कक्षा कोठा, भर्याङ्ग , प्यासेज, ट्वाइले टजस्ता ठाँउको सरसफाई गर्ने गर्दछन । आफु पढने कक्ष्याकोठाको सरसफाई आफैले गर्नु पर्दछ ।

◆ घर फर्कने

बिद्यालय आउने समयमा बिद्यालय बाट तोकिएको बाटोबाट घर फर्कनु पर्दछ । विद्यालयको छुट्टीहुने समय भने आआफ्नो ग्रेड र हरेक हाप्ताको बार अनुसार फरक फरक हुन्छ। बिद्यालयमा कार्यक्रम भएको बेला पनि समय परिवर्तन हुन्छ । समय परिवर्तन हुने बेलाम बिद्यालयले जानकारी दिनेछ ।

◆ युनिफर्म (बिद्यालयको लुगा/पोशाक)

अधिकांश प्राथमिक बिद्यालयहरुमा आफुखुशी लुगा लगाएर जान सकिन्छ तर कुनै बिद्यालयहरुले भने युनिफर्म तोकेकोहुन्छ ।

शारिरीक शिक्षाको समयमा चल्न मिल्ने खालको खेलकुदको पोशाक लगाउनु पर्दछ । खेलकुद कक्षमा लगाइने जुत्ता अलग हुने बिद्यालयहरु पनि हुन्छन । बिद्यालय खाना बाँडने बेलामा एप्रोन, मास्क, टोपी लगाउनु पर्दछ । मास्क चाँहि आफैले व्यवस्था गर्नु पर्दछ ।

गर्मीमा पौडी खेल्नका लागि स्वीमिङ्ग कस्टम र टोपीको व्यवस्था आफै गर्नु पर्दछ । आफनो सरसामानमा आफनो नाम लेखि राख्नु पर्दछ ।

अन्य जाानकारीका लागि बिद्यालयमा सोध्नुहोस ।

◆कक्षाको बारेमा

एउटा कक्षामा ४० जना भित्र बिद्यार्थीहरु र कक्षा शिक्षक रहन्छन । कक्षा शिक्षकले प्रमुख जिम्मेवारी लिई कक्षा संचालन गर्छन भने अध्ययन बर्ष तथा बिद्यालय अनुसार चित्रकला, संगित, गृह विज्ञान जस्ता बिषयहरु फरक शिक्षकले पढाउन पनि सक्छन । अरु केहि शिक्षकले पढाउन पनि सक्छन ।

※ हरेक विषयको अध्ययन तथा कक्षाको प्रारम्भ समापन जस्ता बिद्यालयका क्रियाकलापहरु कक्षा अनुसार बढि हुन सक्ने हुनाले कुनै समस्या परेमा तुरुन्त कक्षा शिक्षक शिक्षिका संग सल्लाह गर्नुहोस ।

◆अध्ययन बिषयहरु

बिद्यालयमा निम्न विषयहरु अध्यापन गरिन्छ ।

प्राथमिक बिद्यालय पहिलो र दोश्रो बर्ष

राष्ट्र भाषा, गणित, जनजीवन, संगीत, चित्रकला, शारिरीक शिक्षा, विशेष विषय "नैतिक शिक्षा"

प्राथमिक बिद्यालय तेश्रो र चौथो बर्ष

राष्ट्र भाषा, गणित, सामाजिक शिक्षा, विज्ञान, संगीत, चित्रकला, शारिरीक शिक्षा, विशेष विषय "नैतिक शिक्षा" बिदेशी भाषा

प्राथमिक बिद्यालय पाँचौ र छैठौं बर्ष

राष्ट्र भाषा, गणित, सामाजिक शिक्षा, बिज्ञान, संगीत, चित्रकला, शारिरीक शिक्षा, गृह विज्ञान, (नैतिक शिक्षा) विदेशी भाषा

※ अन्य विशेष शैक्षिक क्रियाकलापहरु (कक्षा क्रियाकलाप, बालबालिका संघको क्रियाकलाप, क्लब क्रियाकलाप, बिद्यालयका कार्यक्रमहरु) को एकिकृत अध्ययनको समय पनि हुन्छन ।

विशेष शैक्षिक क्रियाकलापहरु भन्नाले बालबालिका संघको क्रियाकलाप जस्तै बिद्यालय जीवन सहज बनाउनका लागि बिद्यार्थीहरुले गर्ने क्रियाकलाप लाई बुझाउछ ।

## ◆ अध्ययन सामाग्री

अध्ययनका लागि चाहिने पाठ्यपुस्तक नि:शुल्क हुन्छन । साधारणतया पाठ्यपुस्तक बाहेक लाग्ने आवश्यक सामाग्री शुल्क सम्बन्धित परिवारले नै ब्यहोर्नु पर्दछ ।

कुनै विषयहरुमा आफुले मात्र प्रयोग गर्नु पर्ने सामाग्रीहरुको आवश्यकता पर्दछ ।

राष्ट्र भाषा → ब्रस पेन, मसी

संगीत → हार्मोनिका (पियानीका), रेकर्डर आदि

चित्रकला → वाटर कलरका सामाग्री, क्रेयोन, क्रेपास आदि

गृह बिज्ञान, सिलाई मेशिन आदि

सम्पुर्ण बिद्यार्थीहरुको विषय अनुसारको आवश्यक सामाग्रीहरु बिद्यालयले एकमुष्ठ खरिद गरि पछि हिसाब मिलान गर्न सक्छन ।

## ◆भाषा अनुवादको बारेमा

राम्ररी जापानी भाषा बोल्न नसक्ने बिद्यार्थी वा अभिभावकहरुले बिद्यालय वा कक्षा शिक्षकहरु संग राम्ररी कुराकानी गर्न सकुन भन्ने उद्देश्यले भाषा अनुवादकको सेवा दिने बिद्यालयहरु पनि हुन्छन । बिस्तृत जानकारीको लागि बिद्यालयका शिक्षक संग सम्पर्क गर्नुहोस ।

## ◆स्वास्थ्य परिक्षण

【स्वास्थ्य परिक्षणको बारे】

जापानको बिद्यालयहरुमा बिद्यालयको आवश्यकता अनुसार बिद्यार्थीको स्वास्थ्य परिक्षण गरिन्छ । स्वास्थ्य परिक्षणको बिभिन्न प्रकारहरु हुन्छन ।

- बीमा सर्भे (हालसम्म लागेको रोग तथा स्वास्थ्य स्थितिको बारेमा अध्ययन गरिन्छ ।)
- शरिरको उचाई, तौल, शारिरीक परिक्षण (पेट भित्रको अवस्था), आँखा परिक्षण (आँखा स्वस्थ्य भए नभएको बारे), नाक कान परिक्षण, दन्त परिक्षण, श्रवण शक्ति परिक्षण, ध्वनी परिक्षण
- क्षयरोग परिक्षण आवश्यक व्यक्ति लाई गरिन्छ ।
- प्राथमिक बिद्यालयमा पहिलो बर्षका सम्पुर्ण बिद्यार्थीलाई इलेक्टोकार्डियाग्राम परिक्षण गरिन्छ ।
- मुत्र परिक्षण

※यस बाहेक पौडी कक्षा अघि, म्याराथुन अघि, पहाड चढ्नु अघि, अध्ययन भ्रमण आदि जानु अघि स्वास्थ्य परिक्षण गरिन्छ ।

## ◆सुचना पत्र/रिपोर्ट कार्ड

यसमा बालबच्चाको अध्ययन परिणाम (रिजल्ट) तथा बिद्यालयको बिभिन्न क्रियाकलापहरुको बारेमा लेखिएको हुन्छ । बिद्यालयबाट अध्ययन समापन समारोहको दिनमा प्राप्त गरी अभिभावक लाई देखाए पश्चात अर्को सेमेष्टरको शुरुवातमा (सेमेष्टर प्रारम्भ समारोहमा) कक्षा शिक्षक लाई हस्तान्तरण गरिन्छ ।

## ०६ प्राथमिक बिद्यालय भनेको कस्तो ठाँउ हो ? (क्रियाकलापहरु) माथि

### प्राथमिक बिद्यालय पहिलो वर्ष

हरेक बर्ष अप्रिलमा बिद्यालय शुरु भई अर्को बर्षको मार्चमा सकिन्छ । १ वर्षलाई २ देखि ३ सेमेष्टरमा बाँडिएको हुन्छ । बिद्यालयमा बिभिन्न क्रियाकलापहरु संचालन गरिन्छ । त्यस बिचमा, अभिभावकलाई बिद्यालयमा बोलाउने, विशेष कारणले पैसा आवश्यक पर्ने अवस्था पनि हुन सक्छ । यसबारे सम्बन्धित बिद्यालयले बिस्तृत जानकारी दिने गर्दछ । बिद्यालयको क्रियाकलापको नाम तथा बिषयहरु तपाईं बस्नु हुने क्षेत्र, बिद्यालय, अध्ययन वर्षअनुसार फरक हुन सक्छन । यहाँ निम्न ३ वटा सेमेष्टरको प्रतिनिधीमुलक क्रियाकलापहरुको बारेमा परिचय दिइन्छ ।

<u>पहिलो सेमेष्टर (अप्रिल देखि जुलाई तिर सम्म)</u>

- सेमेष्टर प्रारम्भ समारोह

  यो सेमेष्टर शुरु गर्ने बेलाको समारोह हो । यस समारोहमा प्राय सबै अध्ययन बर्षका बिद्यार्थीहरु भेला हुन्छन ।
- भर्ना समारोह

  यो पहिलो बर्षमा प्रवेश गर्ने बिद्यार्थीहरुको लागि गरिने स्वागत कार्यक्रम हो । यसमा अभिभावकहरु पनि सहभागी हुन्छन।
- स्वास्थ्य परिक्षण

  यसमा शारिरीक अवस्था ठिक भए नभएको बारे डाक्टरले परिक्षण गर्नुहुन्छ ।
- शरिर मापन

  यसमा शरिरको उचाई र तौल आदि मापन गरिन्छ ।
- बिद्यार्थीको घर भ्रमण

  यसमा कक्षा शिक्षकले बिद्यार्थीको घरमा गएर बालबच्चाको दैनिकीका बारेमा अभिभावक संग छलफल गर्ने गर्छन ।
- स्थलगत अध्ययन

  यसमा कक्षा कोठामा अध्ययन गर्न नसकिने प्रकृति, ईतिहास, संस्कृति जस्ता कुराहरु बिद्यालय बाहिर गई प्रत्यक्ष अनुभव गरी अध्ययन गरिन्छ ।
- कक्षा अवलोकन

  यसमा अभिभावकहरुले आफना बच्चाहरु कक्षामा कसरी अध्ययन गर्छन भनी हेर्न सकिन्छ ।
- छलफल सभा

  कक्षा शिक्षक तथा अभिभावकहरु प्रत्येक सेमेष्टरमा अध्ययन र बिद्यालय, पारिवारिक जीवनको अवस्था आदि बारे छलफल गरिन्छ ।
- कक्षा छलफल सभा

  कक्षामा कक्षा शिक्षक शिक्षिका र अभिभावक बिद्यार्थीको बारेमा छलफल गरिन्छ ।
- तेश्रो पक्ष छलफल (ब्यक्तिगत छलफल)

  यसमा कक्षा शिक्षक र अभिभावक, बिद्यार्थी ३ (४) जना भएर बिद्यालय, पारिवारिक जीवन बारे छलफल गरिन्छ । प्रत्येक सेमेष्टरको अन्त्यमा छलफल गरिन्छ ।
- पौडी कक्षा (पुल)

  प्रायः सबै प्राथमिक बिद्यालययमा स्वीमिङ्ग पुल हुन्छ । जुनको अन्त्य देखि जुलाई सम्ममा पौडी खेल्ने अभ्यासको कक्षा संचालन गरिन्छ ।

- समापन समारोह

  यसमा सेमेष्टरको अन्त्यमा समापन समारोह आयोजना गरिन्छ । यो समारोहको बेलामा सम्पुर्ण अध्ययन बर्षका बिद्यार्थीहरु सहभागी हुन्छन ।

- गर्मी बिदा (जुलाई अन्त्य तिर बाट अगष्टको अन्त्य तिर सम्म)

  करिब ३० देखि ४० दिन सम्म लामो बिदा हुन्छ । बिदाको बेलामा पौडी र क्लब क्रियाकलापहरुको लागि बिद्यालय जान पर्ने दिनहरु पनि हुन्छन ।

<u>दोश्रो सेमेष्टर (सेप्टेम्बर देखि डिसेम्बर तिर सम्म)</u>

- सेमेष्टर प्रारम्भ समारोह
- खेलकुद प्रतियोगिता

  दौड प्रतियोगिता, रिले, नृत्य, आदि गरि कक्षाका साथीहरुलाई समर्थन गर्दै प्रतियोगिताको आनन्द लिइन्छ । प्रतियोगिता हेरेर अभिभावक तथा परिवारले सहभागीता जनाउन सक्ने दिन पनि हुन्छन । यसलाई प्राय बिद्यालयहरुमा उन्दोउखाई भनिन्छ । केही विद्यालयहरूले पहिलो सेमेस्टरमा यो गर्छन ।

- अध्ययन भ्रमण

  प्राथमिक बिद्यालयको छैंठौ वर्षमा सबै बिद्यार्थीहरु रात बिताउने गरी भ्रमणमा जान्छन । दोश्रो सेमेष्टरमा भ्रमणमा जाने कुरा धेरै हुन्छन । केही विद्यालयहरूले पहिलो सेमेस्टरमा यो गर्छन।

- साँस्कृतिक कार्यक्रम, अध्ययन प्रस्तुतिकरण,

  चित्रकला, गृहविज्ञान अन्तरगत तयार पारिएका विस्तु, सामाजिक शिक्षा, विज्ञान अन्तर्गत तयार पारिएका रिपोर्टहरु, संगीत, अभिनय आदिको प्रस्तुति गरिन्छ । प्रस्तुत बिषयहरु हेर्ने, सुन्ने गरि आनन्द लिने समय हो । प्राय अभिभावकहरु पनि हेर्नको लागि जाने गर्दछन ।

- समापन समारोह
- जाडो बिदा (डिसेम्बर अन्त्य तिर बाट जनवरीको अन्त्य तिर सम्म)

  करिब २ हप्ता जति बिदा हुन्छ ।

<u>तेश्रो सेमेष्टर (जनवरी देखि मार्चसम्म)</u>

- सेमेष्टर प्रारम्भ समारोह
- दिक्षान्त समारोह

  दिक्षित हुने बिद्यार्थीहरुलाई दिक्षान्त प्रमाण पत्र दिईने समारोह हो ।

- अध्ययन समापन समारोह

  १ वर्ष सकिए पछि गरिने समारोह हो । धेरै भएमा, सम्पुर्ण अध्ययन वर्षका बिद्यार्थीहरु सहभागी हुन्छन ।

- वसन्त बिदा (मार्च अन्त्य बाट अप्रिल पहिलो हप्ता सम्म)

  अध्ययन समापन समारोह सकिए पछि वसन्तको बिदा हुन्छ । यो बिदा सकिए पछि कक्षा परिवर्तन भई माथिको कक्षामा जान्छन र अप्रिलबाट नयाँ अध्ययन वर्ष शुरु हुन्छ ।

## ०७ माध्यामिक बिद्यालय भनेको कस्तो ठाँउ हो ? (बिद्यालय जीवन) माथि

ओसाकामा अवस्थित सार्वजनिक माध्यामिक बिद्यालयहरुमा, निम्न लिखित नियमहरु हुन्छन । बिद्यालय अनुसार नियमहरु फरक पनि हुन सक्ने भएकोले सम्बन्धित बिद्यालयका शिक्षकस संग प्रत्यक्ष सोध्नुहोस ।

### ◆ बिद्यालयमा आउने बारे

१ बिद्यालय आउने जाने बाटो

सुरक्षित रुपमा बिद्यालय आउन जानका लागि प्रयोग गरिने बाटो निश्चित गरिएको हुन्छ । यसलाई जापानी भाषामा चुउगाकुरो भनिन्छ । बिद्यालयले सकेसम्म खतरा मुक्त बाटो तय गर्ने हुनाले सोहि बाटोबाट मात्र आउने जाने गर्नु पर्दछ ।

२ बिद्यालय आउने जाने तरिका

एक्लै वा नजिकै बसोबास गर्ने बिद्यार्थी साथी संग बिद्यालय आउने जाने तरिका हो । माध्यामिक बिद्यालयका बिद्यार्थीहरु प्राय एक्लै नै बिद्यालय आउने जाने गर्दछन ।

### ◆ कक्षा शुरु हुने समय (बिद्यालय शुरु हुने समय)

बिद्यालय बिहान ८:२५ देखि ८:३० सम्ममा शुरु हुन्छ । बिद्यालय शुरु हुनु १० मिनेट अघि सम्ममा बिद्यालयमा पुगि सक्नु पर्छ । कक्षा शुरु हुने बेला सम्ममा पनि बिद्यालयमा नपुगेमा ढिला भएको मानिन्छ । ढिला भएमा तथा अस्पताल जानु पर्ने भएमा अनिवार्य रुपमा बिद्यालयमा खवर गर्नु पर्दछ ।

### ◆ बिद्यालयमा रहने समय

पहिलो वर्ष देखि तेश्रो वर्षका बिद्यार्थीहरु कक्षाको संख्या र फर्कने समय एकै हुन्छ । बिहान ८:३० तिरबाट बिद्यालय शुरु भई बिहानी खण्डमा ४ पिरियड (५० मिनेटको एक पिरियड) को कक्षा संचालन गरिन्छ । दिउँसोको खाना पछि २ पिरियड गरि दैनिक ५ देखि ६ पिरियड कक्षा संचालन गरिन्छ । हरेक कक्षामा बिषय अनुसारका शिक्षकले कक्षा संचालन गर्दछन ।

### ◆ बिद्यालय खाना (बिद्यालयले उपलब्ध गराउने दिउँसोको खाना) अथवा व्यक्तिगत खाना (घरबाट लिई आउने खाना)

माध्यामिक बिद्यालय अनुसार बिद्यालय खाना (बिद्यालयले उपलब्ध गराउने दिउँसोको खाना) उपलब्ध हुने नहुने अवस्था हुन्छ । सम्पुर्ण बिद्यार्थीहरुलाई खाना उपलब्ध गराउने वा खानाकोलागि आवेदन दिएका बिद्यार्थीहरुलाई मात्र उपलब्ध गराईने हुन सक्छ । म स्कूलमा मेरो खाजा खान्छु (म खान घर जान्दिन) । खाना उपलब्ध नगराइने दिनमा आफैले लिएर जानु पर्दछ । खानाको सटटा पाउरोटि लिएर जान पनि सकिन्छ वा बिद्यालयमै पाउरोटि बेच्ने बिद्यालयहरु पनि हुन्छन । बिद्यालय खाना उपलब्ध हुने बिद्यालयहरुमा बिद्यार्थीहरुले आलोपालो गरि खाना बाँडने तथा खान सकिए पछि सामान मिलाउने जस्ता कार्य गर्दछन । यसलाई खाना बाँडने पालोको व्यक्ति (क्युस्योकु गाखारी) भनिन्छ ।

सेमेष्टर प्रारम्भ हुने तथा विशेष कार्यक्रमका दिनहरुमा खाना उपलब्ध नहुन पनि सक्छ । त्यस्तै घरबाट खाना ल्याउन पर्ने दिनहरु पनि हुन सक्छन । त्यस्तो अवस्थामा बिद्यालयबाट जानकारी दिइन्छ । धार्मिक तथा एलर्जीका कारणले खान नहुने कुरा छ भने कक्षा शिक्षक लाई खबर गर्नुहोस ।

बिद्यालय खानाको सामाग्री शुल्क अभिभावकले तिर्नु पर्दछ । १ महिनामा लगभग ४,५०० देखि ६,००० येन लाग्दछ ।

### ◆ सरसफाईको समय

माध्यामिक बिद्यालयमा घर फर्कनु अघि सरसफाईको समय निश्चित गरिएको हुन्छ । बिद्यार्थीले कक्षा कोठा, भर्याङ्ग , प्यासेज, ट्वाइलेट जस्ता ठाँउको सरसफाई गर्ने गर्दछन । आफु पढने कक्ष्याकोठाको सरसफाई आफैले गर्नु पर्दछ ।

### ◆ क्लव क्रियाकलाप

कक्षा सकिए पछि बिद्यार्थीहरुले आफुलाई उपयुक्त लाग्ने खेलकुद या साँस्कृतिक क्रियाकलापहरु संचालन गर्ने गर्दछन ।

## ◆ घर फर्कने

बिद्यालय जाने समयमा प्रयोग गरिएको बाटोबाट घर फर्कनु पर्दछ । विद्यालयको छुट्टीहुने समय भने आआफ्नो ग्रेड र हरेक

हाप्ताको बार अनुसार फरक फरक हुन्छ। बिद्यालयको कार्यक्रम भएको बेला पनि समय परिवर्तन हुन्छ । समय परिवर्तन हुने बेलाम बिद्यालयले जानकारी दिनेछ ।

## ◆ युनिफर्म (बिद्यालयको लुगा)

अधिकांश प्राथमिक बिद्यालयहरुमा आफुखुशी लुगा लगाएर जान सकिन्छ तर कुनै बिद्यालयहरुले भने युनिफर्म तोकेको हुन्छ । शारिरीक शिक्षाको समयमा चल्न सजिलोहुने खालको खेलकुदको पोसाक लगाउनु पर्दछ । खेलकुद कक्षमा लगाइने जुत्ता अलग हुने बिद्यालयहरु पनि हुन्छन । बिद्यालय खाना बाँडने बेलामा एप्रोन, मास्क, टोपी लगाउनु पर्दछ । मास्क चाँहि आफैले व्यवस्था गर्नु पर्दछ ।

गर्मीमा पौडी खेल्नका लागि स्वीमिङ्ग कस्टम र टोपीको व्यवस्थाआफै गर्नु पर्दछ । आफनो सरसामानमा आफनो नाम लेखि राख्नु पर्दछ ।

अन्य जाानकारीका लागि बिद्यालयमा सोध्नुहोस ।

## ◆ कक्षाको बारेमा

कक्षामा ४० जना भित्र बिद्यार्थीहरु र कक्षा शिक्षकका अलावा सहायक कक्षा शिक्षक पनि रहन सक्छन । विषय अनुसार अध्यापन गराउने शिक्षक फरक हुन सक्छन ।

※ हरेक विषयको अध्ययन तथा कक्षाको प्रारम्भ समापन जस्ता बिद्यालयका क्रियाकलापहरु कक्षा अनुसार बढि हुन सक्ने हुनाले कुनै समस्या परेमा तुरुन्त कक्षा शिक्षक शिक्षिका संग सल्लाह गर्नुहोस ।

## ◆ अध्ययन विषयहरु

राष्ट्र (जापानी) भाषा, गणित, सामाजिक शिक्षा, संगीत, कला, विज्ञान, शारिरीक शिक्षा, प्रबिधि, गृह विज्ञान, विदेशी भाषा (अंग्रेजी) भाषा, विशेष विषय "नैतिक शिक्षा" जस्ता विषय रहन्छन ।

※ त्यस बाहेक विशेष क्रियाकलाप (कक्षागत कृयाकलाप, बिद्यार्थी संघको क्रियाकलाप, बिद्यालय क्रियाकलाप) तथा सामुहिक अध्ययनको समय पनि हुने गर्दछ ।

## ◆ अध्ययनका लागि आवश्यक सामाग्री

अध्ययनका लागि चाहिने पाठयपुस्तक नि:शुल्क हुन्छन । पाठ्यपुस्तक अलावाको आवश्यक सामाग्री साधारणतया सम्बन्धित परिवारले नै व्यहोर्नु पर्दछ ।

राष्ट्र भाषा → ब्रस पेन, मसी

प्रविधि, गृह विज्ञान → सिलाई मेशिन आदि

बिद्यालयले विषय अनुसार सम्पुर्ण बिद्यार्थीहरुको आवश्यक सामाग्रीहरु एकमुष्ठ खरिद गरि पछि हिसाब मिलान गर्न सक्छन ।

## ◆ भाषा अनुवादको बारेमा

राम्ररी जापानी भाषा बोल्न नसक्ने बिद्यार्थी वा अभिभावकहरुले बिद्यालय वा कक्षा शिक्षकहरु

संग राम्ररी कुराकानी गर्न सकुन भन्ने उद्देश्यले भाषा अनुवादकको सेवा दिने बिद्यालयहरु पनि हुन्छन । बिस्तृत जानकारीको लागि बिद्यालयका शिक्षक संग सम्पर्क गर्नुहोस ।

## ◆ स्वास्थ्य परिक्षण

【स्वास्थ्य परिक्षणको बारे】

जापानको बिद्यालयहरुमा बिद्यालयको आवश्यकता अनुसार बिद्यार्थीको स्वास्थ्य परिक्षण गरिन्छ । स्वास्थ्य परिक्षणको बिभिन्न प्रकारहरु हुन्छन ।

- बिमा सर्भे (हालसम्म लागेको रोग तथा स्वास्थ्य स्थितिको बारेमा अध्ययन गरिन्छ ।)
- शरिरको उचाई, तौल, शारिरीक परिक्षण (पेट भित्रको अवस्था), आँखा परिक्षण (आँखा स्वस्थ्य भए नभएको बारे) नाक कान परिक्षण, दन्त परिक्षण, श्रवण शक्ति परिक्षण, ध्वनी परिक्षण
- क्षयरोग परिक्षण आवश्यक सम्पुर्ण बिद्यार्थीलाई गरिन्छ ।
- इलेक्टोकार्डियाग्राम परिक्षण माध्यामिक बिद्यालयका पहिलो बर्षका सम्पुर्ण बिद्यार्थीलाई गरिन्छ ।
- मुत्र परिक्षण

※ यस बाहेक पौडी कक्षा अघि, म्याराथुन अघि, पहाड चढनु अघि, अध्ययन भ्रमण आदि जानु अघि स्वास्थ्य परिक्षण गरिन्छ ।

### ◆ आवधिक परिक्षा

माध्यामिक बिद्यालयमा वार्षिक ५ ,६ पटक आवधिक परिक्षा (अर्ध वार्षिक सेमेष्टर परिक्षा) हुने गर्दछन । विषय अनुसार एक पटकमात्र दोश्रो पटक लिने परिक्षा वा पटक्कै परिक्षा संचालन नगरिने विषय पनि हुन्छन । आवधिक परिक्षाको समय दुई देखि तीन दिन हुने गर्दछ ।

आवधिक परिक्षाको अलावा गृह कार्य परिक्षा, क्षमता परिक्षा संचालन गरिने बिद्यालयहरु पनि छन । बिस्तृत जानकारीको लागि बिद्यालयका शिक्षकहरु संग सम्पर्क राख्नुहोस ।

### ◆ सुचना पत्र／रिपोर्ट कार्ड

बालबच्चाको अध्ययन परिणाम (रिजल्ट) तथा बिद्यालयको बिभिन्न क्रियाकलापहरुको बारेमा लेखिएको हुन्छ । अध्ययन समापन समारोहको दिनमा प्राप्त गरी अभिभावक लाई देखाए पश्चात अर्को सेमेष्टरको शुरुवातमा (सेमेष्टर प्रारम्भ समारोहमा) कक्षा शिक्षक लाई हस्तान्तरण गरिन्छ ।

जापानको बिद्यालय प्रणाली

## ०८ माध्यामिक बिद्यालय भनेको कस्तो ठाँउ हो ? (क्रियाकलापहरु) माथि

मध्यामिक बिद्यालय पहिलो वर्ष

हरेक वर्षअप्रिलमा बिद्यालय शुरु भई अर्कोवर्षको मार्चमा सकिन्छ । १ वर्ष लाई २ देखि ३ सेमेष्टरमा बाँडिएको हुन्छ । बिद्यालयमा बिभिन्न क्रियाकलापहरु संचालन गरिन्छ । त्यस मध्ये, अभिभावकलाई बिद्यालयमा बोलाउने, विशेष कारणले पैसा आवश्यक पर्ने अवस्था पनि हुन सक्छ । बिस्तृत जानकारी सम्बन्धित बिद्यालयबाट प्रदान गरिन्छ । बिद्यालयको क्रियाकलापको नाम तथा बिषयहरु तपाईं बस्नु हुने क्षेत्र, बिद्यालय, अध्ययन वर्षअनुसार फरक हुन सक्छन । यहाँ ३ वटा सेमेष्टरको प्रतिनिधीमुलक क्रियाकलापहरुको बारेमा परिचय दिइन्छ ।

पहिलो सेमेष्टर (अप्रिल देखि जुलाई तिर सम्म)

- सेमेष्टर प्रारम्भ समारोह

यो सेमेष्टर शुरु गर्ने बेलाको समारोह हो । यस समारोहमा प्राय सबै अध्ययन बर्षका बिद्यार्थीहरु भेला हुन्छन ।

- भर्ना समारोह

यो पहिलो वर्षमा प्रवेश गर्ने बिद्यार्थीहरुको लागि गरिने स्वागत कार्यक्रम हो । यसमा अभिभावकहरु पनि सहभागी हुन्छन ।

- स्वास्थ्य परिक्षण

यसमा शारिरीक अवस्था ठिक भए नभएको बारे डाक्टरले परिक्षण गर्नुहुन्छ ।

- शरिर मापन

यसमा शरिरको उचाई र तौल आदि मापन गरिन्छ ।

- बिद्यार्थीको घर भ्रमण

कक्षा शिक्षकले बिद्यार्थीको घरमा गएर बालबच्चाको दैनिकीबारेमा अभिभावक संग छलफल गर्ने गर्छन ।

- स्थलगत अध्ययन

यसमा कक्षा कोठामा अध्ययन गर्न नसकिने प्रकृति, ईतिहास, संस्कृति जस्ता कुराहरु बिद्यालय बाहिर गई प्रत्यक्ष अनुभव गरी अध्ययन गरिन्छ ।

- कक्षा अवलोकन

यसमा अभिभावकहरुले आफना बच्चाहरु कक्षामा कसरी अध्ययन गर्छन भनी हेर्न सकिन्छ ।

- छलफल सभा

कक्षा शिक्षक तथा अभिभावकहरु प्रत्येक सेमेष्टरमा अध्ययन र बिद्यालय, पारिवारिक जीवनको अवस्था आदि बारे छलफल गरिन्छ ।

- कक्षा छलफल सभा

यसमा कक्षामा कक्षा शिक्षक शिक्षिका र अभिभावकले बिद्यार्थीको बारेमा छलफल गरिन्छ ।

- तेश्रो पक्ष छलफल (व्यक्तिगत छलफल)

कम्तिमा तीन जना, होमरूम शिक्षक (क्लासटिचर), अभिभावक र विद्यार्थीहरूसँग विद्यालय र पारिवारिक जीवनबारे छलफल गर्नुहोस् प्रत्येक सेमेष्टरको अन्त्यमा छलफल गरिन्छ ।

- शैक्षिक भ्रमण

माध्यामिक बिद्यालयमा आई सके पछि कक्षाका सम्पुर्ण बिद्यार्थीहरु रात बिताउने गरी शैक्षिक भ्रमण

मा जाने गर्दछन । माध्यामिक बिद्यालयको पहिलो वर्षमा प्राय शैक्षिक भ्रमणमा लगिन्छ ।

- पौडी कक्षा (पुल)

प्राय सबै प्राथमिक बिद्यालययमा स्स्वीमिङ्ग पुल हुन्छ । जुनको अन्त्य देखि जुलाई सम्ममा पौडी खेल्ने अभ्यासको कक्षा संचालन गरिन्छ ।

- समापन समारोह

सेमेष्टरको अन्त्यमा समापन समारोह आयोजना गरिन्छ । यो समारोहको बेलामा सम्पुर्ण अध्ययन बर्षका बिद्यार्थीहरु सहभागी हुन्छन ।

- गर्मी बिदा (जुलाई अन्त्य तिर बाट अगष्टको अन्त्य तिर सम्म)

करिब ३० देखि ४० दिन सम्म लामो बिदा हुन्छ । बिदाको बेलामा पौडी र क्लब क्रियाकलापहरुको लागि बिद्यालय जान पर्ने दिनहरु पनि हुन्छन ।

दोश्रो सेमेष्टर (सेप्टेम्बर देखि डिसेम्बर तिर सम्म)

- सेमेष्टर प्रारम्भ समारोह
- खेलकुद प्रतियोगिता

छोटो दुरीको रिले दौड प्रतियोगिता, नृत्य प्रतियोगिता, कक्षाका साथीहरुको प्रतियोगी साथीहरुलाई प्रोत्साहन गर्ने गरी रमाईलो संग संचालन गरिने खेलकुद कार्यक्रम हो । केही विद्यालयहरूमा अभिभावक र परिवारका सदस्यहरूले पनि भाग लिन सक्छन्। त्यस्ता प्रतियोगिताहरूलाई "एथलेटिक भेट" वा "एथलेटिक महोत्सव" भनिन्छ। केही विद्यालयहरूले पहिलो सेमेस्टरमा यो गर्छन्।

- साँस्कृतिक कार्यक्रम, अध्ययन प्रस्तुतिकरण

चित्रकला, गृहविज्ञान अन्तरगत तयार पारिएका वस्तु, सामाजिक शिक्षा, विज्ञान अन्तर्गत तयार पारिएका रिपोर्टहरु, संगीत, अभिनय आदिको प्रस्तुति गरिन्छ । प्रस्तुत विषयहरु हेर्ने, सुन्ने गरि आनन्द लिने समय हो । प्राय अभिभावकहरु पनि हेर्नको लागि जाने गर्दछन ।

- समापन समारोह
- जाडो बिदा (डिसेम्बर अन्त्य तिर बाट जनवरीको अन्त्य तिर सम्म)

करिब २ हप्ता जति बिदा हुन्छ ।

तेश्रो सेमेष्टर (जनवरी देखि मार्चसम्म)

- सेमेष्टर प्रारम्भ समारोह
- दिक्षान्त समारोह

दिक्षित हुने बिद्यार्थीहरुलाई दिक्षान्त प्रमाण पत्र दिईने समारोह हो ।

- अध्ययन समापन समारोह

१ वर्ष सकिए पछिको गरिने समारोह हो । धेरै भएमा, सम्पुर्ण अध्ययन वर्षका बिद्यार्थीहरु सहभागी हुन्छन ।

- वसन्त बिदा (मार्च अन्त्य बाट अप्रिल पहिलो हप्ता सम्म)

अध्ययन समापन समारोह सकिए पछि बसन्तको बिदा हुन्छ । यो बिदा सकिए पछि कक्षा परिवर्तन भई माथिको कक्षामा जान्छन र अप्रिलबाट नयाँ अध्ययन बर्ष शुरु हुन्छ ।

## ०९ माध्यामिक बिद्यालय अध्ययन पुरा गरे पछिको बाटोहरुका बारेमा माथि

बृहत रुपमा छुट्याउने हो भने माध्यामिक बिद्यालयको अध्ययन पुरा गरेपछि उच्च माध्यामिक तहमा जाने वा काम गर्ने भन्ने दुई वटा बाटो हुन्छन ।

उच्च तहमा अध्ययनका लागि उच्च माध्यामिक बिद्यालय, उच्च माध्यामिक व्यवसाकि कलेज, व्यवसायिक कलेज, साधारण कलेज लगायत बिभिन्न प्रकृतिका बिद्यालयहरु छन । कुन शैक्षिक संस्थामा जाने भन्ने बारे अभिभावक र कक्षा शिक्षक शिक्षिका संग राम्रो संग सल्लाह गर्नु पर्छ । विशेष गरी अध्ययन अवधी तथा उद्देश्य अनुसार उच्च माध्यामिक बिद्यालयहरुको बिभिन्न प्रकारहरु हुने गर्दछ । ओसाका प्रिफेक्चरमा सार्वजनिक हाई स्कूलहरूमा भर्ना हुने सम्बन्धमा, परीक्षाको समय अवधि लम्ब्याउने र शब्दकोशहरू प्रयोग गर्नदिइने, जस्ता सुविदाहरूमा "विचार" गरिन् न् त्यसैले कृपया ध्यानपूर्वक आफूलाई उपयुक्त हुने विद्यालय खोज्नुहोस्।

काम गर्ने तरिकाहरू २ वटा छन ।

पहिलो तरिका, माध्यामिक बिद्यालय मार्फत कोउक्यो स्योकुग्यो आन्तेइस्यो मा परिचय गराई पाउने तरिका हो । यस अनुसार कर्मचारी माग गर्ने कम्पनीको कार्य सम्बन्धि शर्तहरु राम्ररी बुझेर, बिद्यार्थी, अभिभावक, कक्षा शिक्षक भएर सल्लाह गर्नु पर्दछ । राम्रो लागेको कम्पनी भ्रमण गरी अवलोकन गरी काम गर्ने कम्पनी निश्चित गरी कर्मचारी भर्ना सम्बन्धि परिक्षा दिनु पर्दछ ।

कम्पनी अनुसार कर्मचारी भर्ना सम्बन्धी परिक्षा प्रणालीहरु फरक हुन सक्छन । अन्तरवार्ता लिने कम्पनीहरु पनि धेरै छन ।

दोश्रो तरिका, परिचय मार्फतको काम हो । आफुले चिनेजानेको व्यक्तिले काम खोजी दिने अवस्थाहरु पनि हुन्छन । यस्तो अवस्थामा माध्यामिक बिद्यालयमार्फत कोउक्यो स्योकुग्यो आन्तेइस्योमा जानकारी दिनु पर्दछ । उच्च अध्ययन गर्ने भए पनि काम गर्ने भए पनि बिद्यार्थीको भबिष्यका बारेमा राम्ररी सोच बिचार गरी बिद्याथी र कक्षा शिक्षक संग सर सल्लाह गरी निश्चित गर्ने गरौं ।

१०　　उच्च माध्यामिक बिद्यालय भनेको कस्तो ठाँउ हो ?　　माथि

## उच्च माध्यामिक बिद्यालयमा बिद्यार्थी जीवन

ओसाकामा अवस्थित सार्वजनिक उच्च माध्यामिक बिद्यालयहरुमा निम्न लिखित नियमहरु हुन्छन । बिद्यालय अनुसार नियमहरु फरक पनि हुन सक्ने भएकोले सम्बन्धित बिद्यालयका शिक्षकसंग प्रत्यक्ष सोध्नुहोस ।

### ◆ अध्ययन वर्ष

उच्च माध्यामिक बिद्यालय अध्ययन वर्ष प्रणाली र क्रेडिट प्रणाली गरी २ प्रकारको हुन्छन । अध्ययन वर्ष प्रणालीमा अध्ययन वर्ष अनुसार अध्ययन गरीने बिषयहरु फरक फरक हुन्छन । (केहि आफैले छान्न मिल्ने बिषयहरु पनि हुन्छन) गयल वा कुनै बिषयमा गयल धेरै भएमा, गृहकार्य नबुझाएमा, अपेक्षा गरिए अनुसार परिक्षाको नतिजा नआएमा अर्को कक्षामा जान सकिदैन । यसलाई गेन्क्यु-यूची भनिन्छ । यस्तो भएमा पुन एक पटक सोहि बर्षमा अध्ययन गर्नु पर्ने हुन्छ । क्रेडिट प्रणाली लागु गरेको बिद्यालयमा अध्ययन वर्ष हुँदैन । गेन्क्यु-यूची प्रणाली पनि हुँदैन । दिक्षित हुनको लागि आवश्यक बिषयहरु निश्चित गरिएको हुन्छ र ती बिषयहरुमा उत्तीर्ण भएमा दिक्षित हुन सकिन्छ।

### ◆ क्रेडिट

हरेक विषयको १ हप्ताको कक्षा अवधिको घण्टालाई क्रेडिट भनिन्छ । जस्तै, हप्ताको ४ घण्टा गणितको कक्षा लिएमा ४ क्रेडिट पाईन्छ । १ विर्ष अध्ययन गरी परिक्षामा निश्चित अंक प्राप्त गरेमा त्यस विषयमा उत्तीर्ण भएको मानिनेछ ।

### ◆ कक्षा शुरु हुने समय (बिद्यालय शुरु हुने समय)

बिद्यालय बिहान ८:२५ देखि ८:३० सम्ममा शुरु हुन्छ ।

### ◆ ढिला

बिद्यालय शुरु हुने समय वा हरेक कक्षा शुरु हुने समयसम्ममा नआएमा ढिला भएको मानिनेछ । धेरै पटक ढिला भएमा, गयल भएमा क्रेडिट नपाइन सक्छ । ढिला हुने भएमा, बिरामी आदिका कारणले बिदा बस्नु पर्ने भएमा अनिवार्य रुपमा बिद्यालयलाई खवर गर्नु पर्दछ ।

### ◆ बिद्यालयमा रहने समय

बिहान ८ : ३० तिरबाट बिद्यालय शुरु भई बिहानी खण्डमा ४ पिरियड (५० मिनेटको एक पिरियड) को कक्षा संचालन गरिन्छ । दिउँसोको खाना पछि २ देखि ३ पिरियडको कक्षा गरि दैनिक ६ देखि ७ पिरियड कक्षा संचालन गरिन्छ । हरेक कक्षामा विषय अनुसारका शिक्षकले कक्षा संचालन गर्दछन ।

### ◆ व्यक्तिगत खाना (घरबाट लिई आउने खाना)

ओसाका प्रिफेक्चरका उच्च माध्यामिक बिद्यालयमा बिद्यालयमा खाना दिईदैन । खाना घरबाट लिएर जाने वा पाउरोटि किनेर लानु पर्दछ । क्यान्टिन भएका बिद्यालयहरु पनि हुन्छन ।

### ◆ सरसफाईको समय

माध्यामिक विद्यालयमा घर फर्कनु अघि सरसफाईको समय निश्चित गरिएको हुन्छ । विद्यार्थीले कक्षा कोठा, भर्याङ्ग, प्यासेज, ट्वाइलेट जस्ता ठाँउको सरसफाई गर्ने गर्दछन । आफु पढने कक्षाकोठाको सरसफाई आफैले गर्नु पर्दछ ।

◆ क्लब क्रियाकलाप

कक्षा सकिए पछि विद्यार्थीहरुले आफुलाई उपयुक्त लाग्ने खेलकुद या साँस्कृतिक क्रियाकलापहरु संचालन गर्ने गर्दछन ।

◆ युनिफर्म (विद्यालयको लुगा)

अधिकांश उच्च माध्यामिक विद्यालयहरुले जाडो, गर्मीको छुटाछुटै युनिफर्म राखेका हुन्छन । युनिफर्म लगाई विद्यालय जानु पर्ने हुन्छ ।

शारिरीक शिक्षाको समयमा चल्न सजिलो हुने खालको खेलकुदको पोसाक लगाउनु पर्दछ । खेलकुद कक्षमा लगाइने जुत्ता अलग हुने विद्यालयहरु पनि हुन्छन । विद्यालयमा खाना बाँडने बेलामा एप्रोन, मास्क, टोपी लगाउनु पर्दछ । मास्क चाँहि आफैलेव्यवस्था गर्नु पर्दछ ।

गर्मीमा पौडी खेल्नका लागि स्वीमिङ्ग कस्टम र टोपीको व्यवस्थाआफै गर्नु पर्दछ । आफनो सरसामानमा आफनो नाम लेखि राख्नु पर्दछ ।

अन्य जाानकारीका लागि विद्यालयमा सोध्नुहोस ।

◆ कक्षाको बारेमा

एउटा कक्षामा भित्र ४० जना विद्यार्थीहरु र कक्षा शिक्षकका अलावा सहायक कक्षा शिक्षक पनि रहन सक्छन । विषय अनुसार अध्यापन गराउने शिक्षक फरक हुन्छन ।

※ हरेक विषयको अध्ययन तथा कक्षाको प्रारम्भ समापन जस्ता विद्यालयका क्रियाकलापहरु कक्षा अनुसार संचालन हुने हुनाले केहि कुरा नबुझेमा या कुनै समस्या परेमा तुरुन्त कक्षा शिक्षक शिक्षिका संग सल्लाह गर्नुहोस ।

◆ अध्ययन बिषयहरु

निम्न विषयहरू हाई स्कूलमा पढाइन्छः
जापानी भाषा (साहित्य, भाषा संस्कृति), भूगोल/इतिहास (सामान्य भूगोल, व्यापक इतिहास), नागरिकशास्त्र (सार्वजनिक, आदि), गणित, विज्ञान (भौतिक, जीवविज्ञान, रसायन विज्ञान, आदि), स्वास्थ्य शिक्षा, कला (कला, सुलेखन), संगीत, आदि), विदेशी भाषा, घर, जानकारी, आदि।

※ अन्य थप, त्यहाँ विशेष गतिविधिहरू (कक्षा गतिविधिहरू, विद्यार्थी परिषद गतिविधिहरू, विद्यालय कार्यक्रमहरू) र सामान्य अन्वेषणको लागि समय छ।

◆ अध्ययनका लागि आवश्यक सामाग्री

अध्ययनका लागि चाहिने पाठयपुस्तक लगायत अन्य सबै सामाग्रीको शुल्क तिर्नु पर्दछ । कला जस्ता विषयमा आफुले मात्र प्रयोग गर्ने सामाग्री पनि खरिद गर्नु पर्ने हुन सक्छ ।

◆ भाषा अनुवादको बारेमा

राम्ररी जापानी भाषा बोल्न नसक्ने विद्यार्थी वा अभिभावकहरुले विद्यालय वा कक्षा शिक्षकहरु संग राम्ररी कुराकानी गर्न सकुन भन्ने उद्देश्यले भाषा अनुवादकको सेवा दिने विद्यालयहरु पनि हुन्छन । बिस्तृत जानकारीको लागि विद्यालयका शिक्षक संग सम्पर्क गर्नुहोस ।

◆ स्वास्थ्य परिक्षण

<स्वास्थ्य परिक्षणको बारे>

जापानको बिद्यालयहरुमा बिद्यालयको आवश्यकता अनुसार बिद्यार्थीको स्वास्थ्य परिक्षण गरिन्छ । स्वास्थ्य परिक्षणको बिभिन्न प्रकारहरु हुन्छन ।

- बीमा सर्भे (हालसम्म लागेको रोग तथा स्वास्थ्य स्थितिको बारेमा अध्ययन गरिन्छ ।)
- शरिरको उचाई, तौल, शारिरीक परिक्षण (पेट भित्रको अवस्था), आँखा परिक्षण, नाक कान परिक्षण, दन्त परिक्षण, श्रवण शक्ति परिक्षण, ध्वनी परिक्षण
- क्षयरोग परिक्षण (एक्स्रे) उच्च माध्यामिक बिद्यालय पहिलो बर्षका सम्पुर्ण बिद्यार्थीलाई गरिन्छ ।
- इलेक्टोकार्डियाग्राम परिक्षण उच्च माध्यामिक बिद्यालय पहिलो बर्षका सम्पुर्ण बिद्यार्थीलाई गरिन्छ ।
- मुत्र परिक्षण

※ यस बाहेक पौडी कक्षा अघि, म्याराथुन, पहाड चढनु अघि, अध्ययन भ्रमण आदि जानु अघि स्वास्थ्य परिक्षण गरिन्छ ।

### ◆ आवधिक परिक्षा

माध्यामिक बिद्यालयमा बार्षिक ५, ६ पटक आवधिक परिक्षा (अर्ध वार्षिक सेमेष्टर परिक्षा) हुने गर्दछन । विषय अनुसार एक पटकमात्र , दोश्रो पटक लिने परिक्षा वा पटक्कै परिक्षा संचालन नगरिने विषय पनि हुन्छन । आवधिक परिक्षाको समय दुई देखि तीन दिन हुने गर्दछ ।

आवधिक परिक्षाको अलावा गृह कार्य परिक्षा, क्षमता परिक्षा संचालन गरिने बिद्यालयहरु पनि छन । बिस्तृत जानकारीको लागि बिद्यालयका शिक्षकहरु संग सम्पर्क राख्नुहोस ।

### ◆ सुचना पत्र/रिपोर्ट कार्ड

बालबच्चाको अध्ययन परिणाम (रिजल्ट) तथा बिद्यालयको बिभिन्न क्रियाकलापहरुको बारेमा लेखिएको हुन्छ । अध्ययन समापन समारोहको दिनमा प्राप्त गरी अभिभावक लाई देखाए पश्चात अर्को सेमेष्टरको शुरुवातमा (सेमेष्टर प्रारम्भ समारोहमा) कक्षा शिक्षक लाई हस्तान्तरण गरिन्छ ।

## आहाई स्कूलको एक वर्ष

हरेक बर्षको अप्रिलमा कक्षा शुरु भई मार्चमा सकिन्छ । अध्ययन बर्ष वा क्रेडिट प्रणाली गरी दुई प्रकारका उच्च माध्यामिक बिद्यालय हुन्छन । अध्ययन बर्ष अन्तर्गतको बिद्यालयमा बर्षमा ३ वा २ वटा सेमेष्टरको बिद्यालयहरु हुन्छन । बिद्यालयमा बिभिन्न क्रियाकलापहरु संचालन गरिन्छ । त्यस बिचमा, अभिभावकलाई बिद्यालयमा बोलाउने, बिशेष कारणले पैसा आवश्यक पर्ने अवस्था पनि हुन सक्छ । यसबारे सम्बन्धित बिद्यालयले बिस्तृत जानकारी दिने गर्दछ । बिद्यालयको क्रियाकलापको नाम तथा बिषयहरु तपाईं बस्नु हुने क्षेत्र, बिद्यालय, अध्ययन बर्ष अनुसार फरक हुन सक्छन । यहाँ ३ वटा सेमेष्टरको प्रतिनिधीमुलक क्रियाकलापहरुको बारेमा परिचय दिइन्छ ।

### पहिलो सेमेष्टर (अप्रिल देखि जुलाई तिर सम्म)

- सेमेष्टर प्रारम्भ समारोह

सेमेष्टर शुरु गर्ने बेलाको समारोह हो । यस समारोहमा प्राय सबै अध्ययन बर्षका बिद्यार्थीहरु भेला हुन्छन ।

- भर्ना समारोह

पहिलो बर्षमा प्रवेश गर्ने बिद्यार्थीहरुको लागि गरिने स्वागत कार्यक्रम हो । यसमा अभिभावकहरु पनि सहभागी हुन्छन ।

- स्वास्थ्य परिक्षण

शारिरीक अवस्था ठिक भए नभएको बारे डाक्टरले परिक्षण गर्नुहुन्छ ।

- शरिर मापन

शरिरको उचाई र तौल आदि मापन गरिन्छ ।

- कक्षा अवलोकन

अभिभावकहरुले आफना बच्चाहरु कक्षामा कसरी अध्ययन गर्छन भनी हेर्न सकिन्छ ।

- तेश्रो पक्ष छलफल (ब्यक्तिगत छलफल)

कम्तिमा तीन जना, होमरूमशिक्षक(क्लासटिचर), अभिभावक र विद्यार्थीहरूसँग विद्यालयरपारिवारिक जीवनबारे छलफल गर्नुहोस् प्रत्येक ।

-
- पौडी कक्षा (पुल)

प्राय सबै प्राथमिक बिद्यालययमा स्वीमिङ्ग पुल हुन्छ । जुनको अन्त्य देखि जुलाई सम्ममा पौडी खेल्ने अभ्यासको कक्षा संचालन गरिन्छ ।

- समापन समारोह

सेमेष्टरको अन्त्यमा समापन समारोह आयोजना गरिन्छ । यो समारोहको बेलामा सम्पुर्ण अध्ययन वर्षका बिद्यार्थीहरु सहभागी हुन्छन ।

- गर्मी बिदा (जुलाई अन्त्य तिर बाट अगष्टको अन्त्य तिर सम्म)

करिब ३० देखि ४० दिन सम्म लामो बिदा हुन्छ । बिदाको बेलामा पौडी र क्लब क्रियाकलापहरुको लागि बिद्यालय जान पर्ने दिनहरु पनि हुन्छन ।

<u>दोश्रो सेमेष्टर (सेप्टेम्बर देखि डिसेम्बर तिर सम्म)</u>

- सेमेष्टर प्रारम्भ समारोह
- खेलकुद प्रतियोगिता

छोटो दुरीको रिले दौड प्रतियोगिता, नृत्य प्रतियोगिता, कक्षाका साथीहरुको प्रतियोगी साथीहरुलाई प्रोत्साहन गर्ने गरी रमाईलो संग संचालन गरिने खेलकुद कार्यक्रम हो । बिद्यालय अनुसार अभिभावक तथा परिवारहरुले सहभागीता जनाउन सक्ने अवस्था पनि हुन्छ ।

- साँस्कृतिक कार्यक्रम, अध्ययन प्रस्तुतिकरण,

प्रस्तुत कार्यक्रमहरु हेर्ने, सुन्ने गरि आनन्द लिने समय हो । प्राय अभिभावकहरु पनि हेर्नको लागि जाने गर्दछन ।

- समापन समारोह
- जाडो बिदा (डिसेम्बर अन्त्य तिर बाट जनवरीको अन्त्य तिर सम्म)

करिब २ हप्ता जति बिदा हुन्छ ।

<u>तेश्रो सेमेष्टर (जनवरी देखि मार्चसम्म)</u>

- सेमेष्टर प्रारम्भ समारोह
- स्थलगत भ्रमण

सार्वजनिक उच्च माध्यामिक बिद्यालयको दोश्रो वर्षमा सम्पुर्ण बिद्यार्थीहरुलाई रात बिताउने गरी भ्रमणमा लगिन्छ । दोश्रो वर्षको दोश्रो वा तेश्रो सेमेष्टरमा लैजाने अवस्था धेरै हुन्छ ।

- दिक्षान्त समारोह

दिक्षित हुने बिद्यार्थीहरु (निर्धारित क्रेडिट प्राप्त गरेका बिद्यार्थी) लाई दिक्षान्त प्रमाण पत्र दिईने समारोह हो ।

- अध्ययन समापन समारोह

१ बर्ष सकिए पछिको गरिने समारोह हो । यो समारोहमा, सम्पुर्ण अध्ययन वर्षका बिद्यार्थीहरु सहभागी हुन्छन ।

- बसन्त बिदा (मार्च अन्त्य बाट अप्रिलको पहिलो हप्ता सम्म)

अध्ययन समापन समारोह् सकिए पछि वसन्तको बिदा हुन्छ ।

## ११ उच्च माध्यामिक बिद्यालयको प्रवेश परिक्षा प्रणाली

माथि

- जापानमा माध्यामिक बिद्यालयको अध्ययन पुरा गरेका ९० प्रतिशत भन्दा बढि बिद्यार्थीहरु उच्च माध्यामिक बिद्यालयमा भर्ना हुन्छन ।

  यदि तपाईं हाई स्कूल र व्यावसायिक विद्यालयको लागि प्रवेश परीक्षा दिन चाहनुहुन्छ भने योजनाहरू बनाउनुहोस र तयारीगर्नुहोस ।

  - पहिले नै आफु जाने उच्च माध्यामिक बिद्यालय निश्चित गर्ने

    → उच्च माध्यामिक बिद्यालयको प्रवेश परिक्षा संचालन हुनु ६ महिना अघि नै आफु जान चाहेको उच्च माध्यामिक बिद्यालय निश्चित गर्दा उपयुक्त हुन्छ ।
    बिभिन्न जानकारीहरु बहुभाषिक सेवाको लक्ष्य छनौट सम्बन्धि परामर्श कार्यक्रममा गएर बुझ्न सकिन्छ । व्यक्तिगत परामर्श गर्न पनि सकिन्छ ।

  - उच्च माध्यामिक बिद्यालयमा जाने

    → आफु जान चाहेको उच्च माध्यामिक बिद्यालय निश्चित गर्नु अघि अवलोकनको लागि जानुहोस । धेरै उच्च माध्यामिक बिद्यालयमा अनुभवका लागि भर्ना भनी उक्त उच्च माध्यामिक बिद्यालयमा गई कक्षा कोठा, खेलकुद स्थल आदि अवलोकन गरी कक्षाको अनुभव लिन पनि सकिन्छ । त्यस्तै त्यस बेलामा भाषा अनुवादकलाई बोलाउन मिल्ने अवस्था पनि हुन्छन ।

  - अध्ययनका लागि मिहेनत गर्ने

    → परिक्षा दिने बिषयहरु धेरै हुनेछन । धेरै सोधीखोजी गरी योजनाबद्ध रुपमा अध्ययन गर्नु पर्छ । अध्ययन गर्ने तरिका नआएको खण्डमा माध्यामिक बिद्यालयका शिक्षकसंग सल्लाह गर्नु पर्दछ ।

  - माध्यामिक बिद्यालयका शिक्षक तथा अभिभावकसंग धेरै छलफल र सल्लाह गर्ने

    → परिक्षा दिने उच्च माध्यामिक बिद्यालयको छनौट आफुले गरे पनि माध्यामिक बिद्यालयको शिक्षक तथा अभिभावकसंग छलफल तथा सल्लाह गरेको खण्डमा बिभिन्न सुझावहरु पउन सकिन्छ । त्यसैगरी, यदि तपाईंले सार्वजनिक हाई स्कूलमा आवेदन दिनुभयो भने, माध्मिक विद्यालयले तपाईंलाई सार्वजनिक हाई स्कूलको प्रवेश परीक्षाका लागि " परीक्षा समय लम्ब्याउने", "शब्दकोशको प्रयोग गर्न पाउने "आदि जस्ता सुविधा आवश्यक छ भनी सूचित गर्नुपर्छ।

  - आफु जान चाहेको उच्च माध्यामिक बिद्यालयमा भर्ना आवेदन दिने

    → तपाइँको जुनियर हाई स्कूल शिक्षक संग परामर्श पछि, आवेदन फारम, आदि मा आवश्यक जानकारी भर्नुहोस्, र तोकिएको मिति सम्म प्रत्येक हाई स्कूलमा पेश गर्नुहोस्।

  - प्रवेश परिक्षा दिने

    → भर्नाको लागि आवेदन दिएको उच्च माध्यामिक बिद्यालयमा गई प्रवेश परिक्षा दिनु पर्दछ ।

## १२ उच्च माध्यामिक बिद्यालय उत्तीर्ण भए पछि

माथि

उच्च माध्यामिक बिद्यालय उत्तीर्ण भए पछि मुख्य रुपमा २ वटा बाटो हुन्छन । पहिलो काम गर्ने, दोश्रो उच्च तहमा अध्ययनका लागि जाने हो ।

### उच्च तहमा अध्ययनका लागि बिभिन्न प्रवेश परिक्षाहरु हुन्छन ।

उच्च तहमा अध्ययन गर्ने भएमा ४ वर्षे विश्वविद्यालय, २ वर्षे अल्पकालिन विश्वविद्यालय, व्यावसायिक कलेजहरु जस्ता बिभिन्न प्रकारहरुका अध्ययन संस्थानहरु छन । त्यस्तै विश्वविद्यालय, अल्पकालिन विश्वविद्यालयहरुको प्रवेश परिक्षा लिने तरिकाहरु पनि फरक हुन्छन ।

राष्ट्रिय विश्वविद्यालयहरुमा

- ○ जनवरीमा विश्वविद्यालयको सामान्य प्रवेश परिक्षा संचालन गरिन्छ । ईच्छुक आवेदकहरु सम्पूर्णले यो परिक्षा दिनु पर्दछ । (केहि निजी परिक्षार्थीहरुले पनि परिक्षा दिनु पर्दछ ।)
  *यो परिक्षा दिएमा निजि विश्वविद्यालयको प्रवेश परिक्षाको लागि पनि काम लाग्दछ । आफुले परिक्षा दिन चाहेको निजि विश्वविद्यालयमा यसको काम लाग्छ कि लाग्दैन भन्ने बारेमा आफ्नो कक्षा शिक्षक वा मार्गनिर्देशक शिक्षकहरु संग सोध्नुहोस ।

परिक्षा दिने विषयहरु
ईच्छाएको विश्वविद्यालय र त्यसको विभागहरु अनुसार फरक हुन्छन ।
बिस्तृत विवरणका लागि तलको विश्वविद्यालय सेन्टर परिक्षाको होमपेजमा गई हेर्न सकिन्छ ।
https://www.dnc.ac.jp/kyotsu/index.html

- ○ त्यस्तै प्रत्येक विश्वविद्यालयको दोश्रो परिक्षाको लागि पहिलो सेमेष्टरको तालिका र दोश्रो सेमेष्टरको तालिकाहरु हुन्छन । केहि विश्वविद्यालयहरुमा अरु तालिकाहरु पनि हुन्छन । यसमा उत्तीर्ण भए पछि विश्वविद्यालयहरुमा अध्ययन शुरु गर्न सकिन्छ ।

निजी विश्वविद्यालयहरुमा

- ○ आधिकारीक बिद्यालयको सिफारिसका आधारमा प्रवेश परिक्षा→ हरेक उच्च माध्यामिक बिद्यालयमा विश्वविद्यालय, अल्पकालिन विश्वविद्यालयहरुले आवेदक संख्या र परिक्षाको शर्तहरु निश्चित गरेका हुन्छन । यस्तो खालको परिक्षा अक्टोबरको पहिलो साताबाट संचालन गरिन्छ । परिक्षामा उत्तीर्ण भएमा सोहि विश्वविद्यालयमा अनिवार्य भर्ना हुनु पर्दछ । बिचमा छोडन पाईदैन ।
- ○ साधारण सिफारिसका आधारमा प्रवेश परिक्षा→ यस्ता परिक्षा अक्टोबर अन्त्य तिरबाट शुरु हुन्छ । विश्वविद्यालय, अल्पकालिन विश्वविद्यालयहरुले पहिले नै भर्ना हुने बिद्यार्थी निश्चित गर्ने गर्दछन । आवेदन रद्द गर्न नसकिने विश्वविद्यालय पनि हुने भएकोले राम्ररी बुझ्नु पर्दछ ।
- ○ साधारण प्रवेश परिक्षा→ यो जनवरी देखि संचालन हुने साधारण प्रवेश परिक्षा हो । संयुक्त आवेदन दिन मिल्ने भएकोले बिभिन्न परिक्षा दिन सकिन्छ । उत्तीर्ण भए पनि आवेदन रद्द गर्न सकिन्छ ।

○ एओ प्रवेश परिक्षा→ लिखित परिक्षा नदिइकन उच्च माध्यामिक बिद्यालयको नतिजा, अन्तरवार्ताको नतिजा, स्वयं सिफारिस पत्र, लघु निवन्ध आदिका आधारमा बृहत्तर ढंगबाट मुल्यांकन गरी आवेदकको छनौट गरिन्छ ।

मथि उल्लेख गरे अलावा बिभिन्न किसिमका प्रवेश परिक्षा हुन्छन । त्यसमध्ये जापान फर्केका जापानी नागरिकको कोटा, बिदेशी बिद्यार्थीको कोटा लगायतका अन्य कोटाबाट प्रवेश परिक्षा दिन पनि सकिन्छ । ईच्छा लागेको विश्वविद्यालयको बारेमा कक्षा शिक्षक, भबिष्य प्रदर्शक/ मार्ग निर्देशक शिक्षकहरु संग राम्रो संग सरसल्लाह गरि बिस्तृत रुपमा बुझ्नुहोस ।

## काम खोज्ने दुई वटा तरिका छन ।

(१) आफुले अध्ययन गरेको उच्च माध्यामिक बिद्यालयमार्फत काम खोज्ने तरिका

साधारणतया सबैभन्दा पहिले उच्च माध्यामिक बिद्यालयमा आएका कामदार आवश्यकताका बिज्ञापन (यस्तो खालका कामको लागि यस्ता व्यक्तिको आवश्यकता भनी कम्पनीले पठाउने विवरण पत्र जसमा कामको प्रकार, शर्त र तलब उल्लेख हुन्छ । ) को माध्यामबाट कामको लागि दरखास्त दिने तरिका हो ।

यस तरिकामा

१) कर्मचारी माग गर्ने कम्पनीको कामको शर्तको बारेमा बुझ्नु पर्दछ ।

माग पत्र राम्ररी पढ्नु अत्यावश्यक छ ।

२) अभिभावक र कक्षा शिक्षकसंग सल्लाह गर्नु पर्दछ ।

उक्त काम आफुलाई उपयुक्त हुने नहुने भन्ने बारे, कार्य स्थल टाढा छ छैन भन्ने बारे, कामको विशेषता र आफनो घरको अवस्थाको बारेमा गहन रुपले सल्लाह गर्नु पर्दछ ।

३) ईच्छा लागेको कम्पनीमा आफै गई हेर्नु पर्दछ ।

कामदार माग पत्र/ विज्ञापन पढने बेलामा गरेको कम्पनीको पृष्ठभुमी भन्दा आफै कम्पनीमा अवलोकनको लागि गएमा धेरै बुझन सकिन्छ ।

४) काम गर्न चाहेको कम्पनी निश्चित गर्ने

हेर्दै, बुझदै, सल्लाह गर्दै गर्दा पाएको परिणाम अनुसार आफुलाई ठिकलाग्ने कम्पनी निश्चित गर्नु पर्दछ ।

त्यस पछि कक्षा शिक्षक, रोजगारी, भबिष्य प्रदर्शक/ मार्ग निर्देशक गर्ने शिक्षकहरुलाई कम्पनीको बारेमा सुचना दिए पछि बिद्यालयले प्रक्रिया शुरु गरिदिन्छ ।

५) कम्पनीमा रोजगारीको लागि प्रविश परिक्षा दिने

रोजगारीको लागि दिईने परिक्षाको समय, मिति, स्थानहरुको बारेमा शिक्षक शिक्षिकाबाट जानकारी लिई रोजगारीको परिक्षा दिनु पर्दछ । यो परिक्षा उत्तीर्ण गरेमा उक्त कम्पनीमा काम गर्न सकिन्छ ।

रोजगारीको परिक्षा ढाँचा कम्पनी अनुसार फरक हुन सक्छ । अन्तरवार्ता हुने कम्पनीहरु पनि धेरै हुन्छन ।

【रोजगारीको परिक्षा दिदा ध्यान दिनु पर्ने कुराहरु】

- परिक्षा स्थलको नक्शा, ठेगाना पहिले नै बुझिराख्नु पर्दछ । ठाँउ थाहा नभएमा पहिले नै एक पटक हेर्न जानु पर्दछ ।
- परिक्षा समय भन्दा ३० मिनेट चाँडै पुग्नको लागि चाँडै घरबाट निस्कनु पर्दछ ।
- आवश्यक सवारी भाडाको पुर्व जानकारी लिई भाडाको पैसा लिई जानु पर्दछ ।

- सफा सुग्घर राम्रो पहिरण हुनु पर्छ । फर्मल पोसाक भएमा अनिवार्य रुपमा लगाएर जानु पर्दछ ।
- बोल्दा बिचार पुयाएर बोल्नु पर्दछ । कम्पनीको मान्छेहरु प्राय सबै आफनो उमेर भन्दा माथिको हुने भएकोले शिष्ट भाषा प्रयोग गर्न भुल्नु हुदैन ।
- सकेसम्म पहिले नै बिद्यालयका शिक्षकहरुको सहयोग लिई अन्तरवार्ताको अभ्यास गरी परिक्षा दिनु पर्दछ ।

※ बिद्यालय अनुसार मागपत्र आउने संख्या कुनैमा कम र कुनैमा बढि हुन सक्छ ।
बिद्यालयमा पठाइएको मागपत्रमा आफनो ईच्छा अनुसारको कम्पनी नभएको खण्डमा आफु बसोबास गर्ने क्षेत्रको हेल्लो वर्क (स्योकुग्यो आन्तेइस्यो) मा गई साधारण मानिस जस्तै गरि मागपत्रहरु हेर्न सकिन्छ ।

(२) आफनो साथीभाईको परिचय मार्फत काम खोज्ने तरिका

साथीभाईको मद्दतमा काम खोज्ने पनि एउटा अर्को तरिका हो ।
चिनजानका मानिसले काम खोजी दिन सक्ने अवस्था पनि हुन सक्छ । तर उनीहरुको मात्र भर नपरी आफैले कामको प्रकृति, शर्तहरुको बारेमा राम्ररी कुरा सुन्नु बुझ्नु जरुरी छ ।
त्यस्तै काम लगाई दिने व्यक्ति परिवारको निकटतम व्यक्ति हुनु जरुरी छ ।

**उच्च अध्ययन गर्ने भए पनि, काम गर्ने भए पनि बिद्यार्थी तथा कक्षा शिक्षकहरु संग राम्ररी छलफल गरी निर्णय गर्नु पर्दछ ।**

## १३ बिद्यालयमा प्रयोग हुने बिभिन्न वस्तु तथा सामाग्रीहरुको परिचय

माथि

| | |
|---|---|
| लेखन सामाग्री | राष्ट्र भाषा तथा लेखन कला (ब्रसले लेख्ने) बेलामा प्रयोग गरिन्छ । ब्रस प्रयोग गरि अक्षर लेख्ने अभ्यास गरिन्छ । |
| रुलर (सेमी) | ज्यामिति, गणित पढने बेलामा लम्बाई नाप्न प्रयोग गरिन्छ । |
| त्रिकोणात्मक रुलर | ज्यामिति, गणित पढने बेलामा प्रयोग गरिन्छ । |
| कम्पास | ज्यामिति, गणित पढने बेलामा गोलाकार बनाउनको लागि प्रयोग गरिन्छ । |
| प्रोटेक्टर | ज्यामिति, गणित पढने बेलामा डिग्री नाप्न प्रयोग गरिन्छ । |
| हार्मोनिका | मुख्यतः प्राथमिक बिद्यालयको तल्लो कक्षाको संगित कक्षामा प्रयोग गरिन्छ । |
| कास्टानेट | मुख्यतः प्राथमिक बिद्यालयको तल्लो कक्षाको संगित कक्षामा प्रयोग गरिन्छ । |
| किबोर्ड हार्मोनिका | मुख्यतः प्राथमिक बिद्यालयको तल्लो कक्षाको संगित कक्षामा प्रयोग गरिन्छ । |
| रेकर्डर | संगित पढने बेलामा प्रयोग गरिन्छ । |
| सामाग्री बाकस | प्राथमिक बिद्यालयमा कैंची, गम जस्ता व्यक्तिगत सामाग्री राख्नको लागि प्रयोग गरिन्छ । |
| कैंची | चित्रकलाको समयमा प्रयोग गरिन्छ । |
| गम | चित्रकलाको समयमा प्रयोग गरिन्छ । |
| सेलो टेप | चित्रकलाको समयमा प्रयोग गरिन्छ । |
| पाष्टेल क्रेयोन | चित्रकलाको समयमा प्रयोग गरिन्छ । |
| कलर पेन | चित्रकलाको समयमा प्रयोग गरिन्छ । |
| वाटर कलर सेट | चित्रकलाको समयमा प्रयोग गरिन्छ । |
| मुर्ति बनाउने छुरी | चित्रकला, कला पढनै बेलामा प्रयोग गरिन्छ । |
| सिलाई सामाग्री | गृह बिज्ञान पढने समयमा प्रयोग गरिन्छ । सियो, धागो, कैंचीहरु हुन्छन । |
| खेल्ने डोरी | मुख्यतः प्राथमिक बिद्यालयको खेलकुदको समयमा प्रयोग गरिन्छ । |
| युनिफर्म (आधिकारीक कपडा) गर्मी र जाडोको लागि | युनिफर्म भनेको बिद्यालयले निश्चित गरेको आधिकारीक कपडा हो । युनिफर्म अनिवार्य भएका र नभएका बिद्यालयहरु हुन सक्छन । |
| जुत्ता ( बिद्यालय भित्र लगाउने) | यो बिद्यालय भित्र लगाउने जुत्ता हो । हप्ताको एक पटक घर लगि धोई ल्याउनु पर्ने भएकोले जुत्ता राख्नको लागि झोला आवश्यक पर्दछ । |
| झोला, सहायक झोला | प्राथमिक बिद्यालयमा रान्दोसेरु भनिने झोलाको प्रयोग गरिने बिद्यालयहरु हुन्छन । माध्यामिक बिद्यालय वा उच्च माध्यामिक बिद्यालयमा झोला निश्चित गरिएका बिद्यालयहरु पनि हुन सक्छन । |
| गर्मी जाडोको लागि ब्यायाम कपडा | खेलकुदको कक्षामा युनिफर्म फुकालेर चल्न सजिलोहुने कपडा लगाईन्छ । खेलकुदका कपडा निश्चित गरिएका बिद्यालयहरु धेरै हुन्छन । |
| खेलकुद जुत्ता | खेलकुद कक्षमा प्रवेश गर्नको लागि लगाईने जुत्ता हो । |
| स्वीमिङ्ग कष्टम, स्वीमिङ्ग क्याप | हरेक वर्ष गर्मीमा पौडीको कक्षा संचालन गरिन्छ । पौडीको समयमा लगाईने यस्ता स्वीमिङ्ग कष्टम, स्वीमिङ्ग क्याप बिद्यालयले निश्चित गरेको हुन्छ । |
| नुहाउँदाको लागि टावेल | पौडीको कक्षा पछि नुहाउने बेलामा प्रयोग गरिन्छ । |

| | |
|---|---|
| पानीको बोतल | पानीको मात्रा शरीरमा कायम गर्नको लागि बिद्यालयमा पेय पदार्थ लिएर जान सकिन्छ । साधारणतया पानीको बोतलमा चिया (ओच्या) राखिन्छ । त्यसबाहेक अरु केहि लान सक्ने नसक्ने भन्ने बारेमा बिद्यालयमा सोध्नुहोस् । |
| चपस्टिक | खाना खाने बेलामा प्रयोग गरिन्छ । |
| एप्रोन, टोपी, मास्क | प्राथमिक विद्यालयहरूमा स्कूल लंच खाने समयमा र गृह अर्थशास्त्रका कक्षाहरूमा प्रयोग गरिन्छ । साथै विद्यालयहरूमा स्कूल लंच बाड्ने बेलामा पनि यसको प्रयोग गरिन्छ । त्यसैगरी, निम्न माध्यामिक विद्यालय र हाई स्कूलमा गृह अर्थशास्त्रमा खाना पकाउन सिक्दा पनि यसको प्रयोग गरिन्छ । |
| दाँत माझ्ने ब्रस, कप | दिउँसोको खाना खान सकिए पछि सबै जनाले संगै दाँत माझ्ने बेलामा प्रयोग हुन्छ । मुख्यतः प्राथमिक बिद्यालयको बेलामा आवश्यक पर्दछ । |

बिद्यालयमा भाषा अनुवादकको बारे

**१४ बिद्यालय, क्षेत्रमा भाषा अनुवादकको व्यवस्था सम्बन्धि प्रणाली** माथि

विशेष गरेर प्राथमिक बिद्यालय, माध्यामिक बिद्यालय, उच्च माध्यामिक बिद्यालयहरुमा बिद्यार्थीले जापानी भाषा राम्ररी नजानेको खण्डमा (भर्ना, बिद्यालय परिबर्तन पश्चातको समय), भाषा अनुवादक पनि बिद्यार्थी संगै कक्षामा सहभागी हुन मिल्ने बिद्यालयहरु पनि हुन्छन ।

त्यस्तै, बिद्यालयमा अभिभावक जाने बेला वा छलफल आदिको बेलामा भाषा अनुवादकलाई सहभागी गराउन मिल्ने अवस्था पनि हुन्छन ।

अहिलेको अवस्थामा नर्सरी कक्षामा भाषा अनुवादकलाई सहभागी गराउन मुश्किल छ तर बिद्यालयमा अभिभावक जाने बेला वा छलफल आदिको बेलामा भाषा अनुवादकलाई सहभागी गराउन मिल्ने अवस्था पनि हुन्छन ।

आफु बसोबास गर्ने क्षेत्र अनुसार भाषा अनुवादकलाई आफैले बोलाउने वा कुन हदसम्म व्यवस्था गर्न मिल्ने भन्ने कुरा फरक पर्न सक्छ । यदि तपाईँ एक दोभाषे/अनुवादक लिन चाहनुहुन्छ भने, कृपया भर्ना प्रक्रिया (विद्यालय स्थानान्तरण गर्दा) को समयमा स्कूल (वा होमरूम शिक्षक/क्लास टिचर) संग परामर्श गर्नुहोस्। अन्य अवस्थामा, कृपया आवश्यक भएमा विद्यालय (होमरूम शिक्षक/क्लास टिचर)सँग परामर्श गर्नुहोस्।

सम्बन्धित क्षेत्रको भाषा अनुवादक व्यवस्था सम्बन्धि प्रणाली

आफु बसोबास गर्ने क्षेत्रमा कोकुसाइ कोउर्यु क्योखाई जस्ता संस्थाले भाषा अनुवादक उपलब्ध गराउने गरेका हुन सक्छन । त्यस्तै बिभिन्न एनजिओ तथा एनपिओले पनि भाषा अनुवादकको व्यवस्था गर्ने गरेका हुन सक्छन ।

त्यस्ता संस्थाले प्रदान गर्ने सेवाहरु फरक हुन सक्छन । अस्पताल जाने बेलामा वा नगरपालिकामा कुनै प्रक्रिया शुरु गर्दा भाषा अनुवादक उपलब्ध हुन पनि सक्छन । त्यस बाहेक सरकारी प्रक्रियाका लागि आवश्यक कागजपत्रको लागि अनुवादकको अनुरोध गर्न पनि सकिन्छ । बिस्तृत जानकारीको लागि परामर्श काउन्टरमा सम्पर्क राख्नुहोस ।

१५ ईन्टरनेशनल स्कुलहरुको विवरण माथि

साधारण स्कुलहरु(२०२३.२.१५ सम्म)

| बिद्यालयको नाम | ठेगाना | टेलिफोन नम्बर |
|---|---|---|
| ओसाका च्युखा गाक्कोउ | 〒५५६-००१२ १-८-१३ सिकिचु हिगासी, नानीवा कु, ओसाका सी | ०६-६६४९-६८४९ |
| ओसाका च्योउसेन च्युउकोउक्यूउ गाक्कोउ | 〒५७८-०९८४ २-१८-२६ हिसिए, हिगासी ओसाका सी | ०७२-९६३-३४८१ |
| किता ओसाका च्योउसेन हाचु च्युउक्यूउ गाक्कोउ | 〒५३३-००१५ १-५-१९ ओसुमी हिगासी योदोगावा कु ओसाका सी | ०६-६३२८-६७९४ |
| मिनामी ओसाका च्योउसेन स्योक्यूउ गाक्कोउ | 〒५५९-००११ १-११-१ किताखागाया, सुमिनोए कु ओसाका सी | ०६-६६८५-६५०५ |
| हिगाशी ओसाका च्योउसेन स्योक्यूउ गाक्कोउ | 〒५७७-०८४५ २-४-२२ तेरामाएच्यो, हिगासी ओसाका सी | ०६-६७२८-४२०२ |
| ओसाका च्योउसेन दाइयोन स्योक्यूउ गाक्कोउ | 〒५४४-००३४ ४-९-२२ मोमोदानी, इकुनो कु, ओसाका सी | ०६-६७१२-८८३३ |
| ईकुनो च्योउसेन स्योक्यूउ गाक्कोउ | 〒५४४-००१२ ३-१४-१६ ताचुमीनिसि, इकुनो कु, ओसाका सी | ०६-६७५८-०८४८ |
| ज्योउहोकु च्योउसेन स्योक्यूउ गाक्कोउ | 〒५३५-००२२ ६-८-४ शिन्मोरी, आसाही कु, ओसाका सी | ०६-६९५१-३२२१ |
| ओसाका फुकुसिमा च्योउसेन स्योक्यूउ गाक्कोउ | 〒५५५-००३३ ६-२-३ हिमेसिमा, निसियोदोगावा कु,, ओसाका सी | ०६-६४७३-८४८७ |
| क्वान्सेई गाकुएन ओसाका ईन्टरनेशनल स्कुल https://www.senri.ed.jp/ | 〒५६२-००३२ ४-४-१६ ओनोहारा निसि, मिनो सी | ०७२-७२७-५०५० |
| कोरिया कोकुसाइ गाकुएन च्युउतोउबु, कोउतोउबु https://www.kiskorea.ed.jp | 〒५६७-००५७ २-१३-३५तोयोखावा, इबाराकी सी | ०७२-६४३-४२०० |
| ओसाका वाइएमसिए (YMCA) ईन्टरनेशनल स्कुल https://www.oyis.org | 〒५३१-००७१ ६-७-३४ नाखाचु किता कु, ओसाका सी | ०६-६३४५-१६६१ |

बिद्यालय शिक्षा ऐन धारा १

| बिद्यालयको नाम | ठेगाना | टेलिफोन नम्बर |
|---|---|---|
| ओसाका कोन्गोउ ईन्टरनेशनल स्योउ च्यूउ कोउतोउ गाक्कोउ https://www.kongogakuen.ed.jp | 〒५५९-००३४ १०-६-२ नान्को किता, सुमिनोए कु, ओसाका सी | ०६-४७०३-१७८० |

| | | |
|---|---|---|
| हाकुतोउ गाकुइन केनकोकु योउ स्योउ च्यूउ कोउतोउ गाक्कोउ https://www.keonguk.ac.jp | 〒५५८-००३२ २-३-१३ ओरीओनो, सुमियोसी कु, ओसाका सी | ०६-६६९१-१२३१ |

जापानी भाषाको अध्ययन

### १६ बिद्यालय, क्षेत्रको(भित्रको) जापानी भाषा कक्षा माथि

जापानी भाषाको अध्ययन गर्न चाहने बिद्यार्थीहरुको लागि प्राथमिक बिद्यालय तथा माध्यामिक बिद्यालयमा भाषा कक्षा संचालन गरिने क्षेत्रहरु/ ठाउँहरु छन । बिभिन्न खालको कक्षा भएपनि प्राथमिक बिद्यालय र माध्यामिक बिद्यालय भित्रनै संचालन गरिने अवस्था धेरै छन । राष्ट्र भाषा, सामाजिक शिक्षा आदि जस्ता जापानी भाषा नबुझेमा पाठ बुझ्न गा्हो बिषयहरुमा आफुले पढने कक्षा बाहेकको भिन्न कक्षा (अथवा बिद्यालय)मा त्यो समयमा जापानी भाषाको अध्ययन गराइन्छ ।

त्यस्तै, जापानी भाषाको कक्षा संचालन नहुने क्षेत्रहरु (ठाउँहरु) मा राष्ट्र भाषा आदिको कक्षा भिन्न कक्षामा संचालन गरी अर्कै शिक्षकले बिस्तारै बुझ्न सजिलो हुने गरी पढाउने गर्नुहुन्छ । कक्षा सकिए पछि वा ब्रेक टाइममा पढाई दिने अवस्था पनि हुन सक्छ ।

साथै, क्षेत्र(ठाउँ) र विद्यालयको आधारमा, जापानी भाषा कक्षाहरूको विषय र घण्टाको संख्या फरक हुन सक्छ, त्यसैले कृपया पहिले आफ्नो विद्यालयको शिक्षकसँग परामर्श गर्नुहोस्।

उच्च माध्यामिक बिद्यालयमा जापानी भाषाका कक्षा प्राय हुदैन ।

---

क्षेत्रको(ठाउँ) जापानी भाषा कक्षा

ओसाका प्रिफेक्चर भित्रका सबै क्षेत्रमा(ठाउँ) कोकुसाइ कोउर्यु क्योउखाइ जस्ता संस्थाहरुको अग्रसरतामा जापानी भाषा कक्षाहरु संचालन भई रहेका छन । यस्ता साक्षरता कक्षाहरुका बारेमा बिस्तृतमा बुझ्नको लागि तलको लिंक हेर्नुहोस ।

↓

ओसाकाका साक्षरता कक्षा, जापानी भाषा पढाई लेखाई कक्षा, जापानी भाषा कक्षाहरुका बारेमा जानकारी
https://call-jsl.jp/

**१७ जीवनयापन, श्रम, चिकित्सा र शिक्षा सम्बन्धि विषयहरुका बारेमा (सम्बन्धित संस्थाहरुको विवरण)** माथि

साधारण जीवनयापन

| नाम | स्थान | टेलिफोन नम्बर | भाषा | संचालन मिति |
|---|---|---|---|---|
| ओसाका ईन्फर्मेशन सर्भिस फर फरेन रेसिडेन्टस (OIS) ※"एसेन्सियल फर लिभिङ्ग इन ओसाका" ओसाकामा बसोबास गर्नको लागि आवश्यक जानकारीहरुको पुस्तिका प्रकाशकः ओसाका फाउण्डेशन अफ ईन्टरनेशनल एक्चेन्ज | पाँचौ तल्ला, माइदोम, ओसाका, २ – ५, होन्माचीबासी, च्यूओकु, ओसाका सी, ओसाका फाउण्डेशन अफ इन्टरनेशनल एक्चेन्ज (अफिक्स) परिसर भित्र (OFIX) | ०६–६९४१–२२९७ | अंग्रेजी, चिनियाँ, कोरियाली, थाई, पोर्चुगाली, स्पेनी, फिलिपिनो, भियतनामी भाषा ईण्डोनेशियाली, नेपाली, जापानी भाषा | सोमबार ・ शुक्रबार सार्वजनिक बिदा बाहेक ९:०० – २०:०० मंगल, बुध, बिहिबार सार्वजनिक बिदा बाहेक ९:०० – १७:३० महिनाको दोश्रो र चौथो आईतबार १३:०० देखि १७:०० सम्म |
| ओसाका कोकुसाई कोउर्यू सेन्टर ईन्फर्मेशन सेन्टर | ८–२–६ उएहोन्माची, तेन्नोजीकु, ओसाका सी ओसाका कोकुसाई कोउर्यू सेन्टर परिसर भित्र | ०६–६७७३–६५३३ | अंग्रेजी, चिनियाँ, कोरियाली भााषा फिलिपिनो, भियतनामी भाषा जापानी भाषा | सामबार दाख शुक्रबार सम्म [९:०० – १९:००] शनिबार, आईतबार र सार्वजनिक बिदा ९:०० – १७:३० (बर्षान्त र नयाँ बर्षको बिदा बाहेक) |

श्रम तथा बसोबास अनुमतिका बारेमा

| नाम | स्थान | टेलिफोन नम्बर | भाषा | संचालन मिति |
|---|---|---|---|---|
| काउन्सेलिङ्ग कर्नर फर फरेन लेवर्स (गाइकोकुजिन रोउदोउस्या सोउदान कर्नर) (ओसाका लेबर ब्यूरो) | ४–१–६७ ओओतेमाए, च्यूओउकु, ओसाका सी, ओसाका लेबर ब्युरो लेबर स्टान्डर्ड वार्ड परिसर भित्र ९औं तल्ला गोदोच्योसा नं २ भवन | ०६–६९४९–६४९० | श्रम समस्या आदि अंग्रेजी, चिनियाँ, पोर्चुगाली भियतनामी भाषा | अग्रेजी भाषाः सोमबार – बुधबार शुक्रबार चिनियाँ :मंगल, बुध, बिहिबार सार्वजनिक शुक्रबार पोर्चुगाली भाषाः बुधबार – बिहिबार भियतनामीः पहिलो बिहीबार र शुक्रबार ९:०० – १७:०० |
| ओसाका अध्यागमन ब्युरो (ओसाका इमिग्रेशन ब्युरो) (विदेशी निवाशी सामान्य अध्यागमन सूचना केन्द्र) | १–२९–५३, नान्को किता, सुमिनोए कु, ओसाका सी | ०५७०–०१३९०४ | निवास अनुमति मुद्दाहरू, आदि। अंग्रेजी, चिनियाँ, भियतनामी, स्पेनिश, फिलिपिनो, नेपाली, | सामान्य कार्य दिन ८:३० – १७:१५ |

| | | | | |
|---|---|---|---|---|
| | | | कोरियन, पोर्चुगिज, आदि। | |
| ओसाका ईम्प्लोइमेन्ट सर्भिस सेन्टर फर फरेन वर्कर्स<br>पब्लिक जब प्लेसमेन्ट सेन्टर फर फरेन वर्कर्स (हेल्लो वर्क) | ८-४७ खाकुदाच्यो, किता कु, ओसाका हान्क्यू ग्राण्ड बिल्डिङ्ग १ ६औ तल्ला | ०६-७७०९-९४६५ | काम सम्बन्धि परामर्श तथा काम लगाई दिने सेवा<br>अंग्रेजी, चिनियाँ, पोर्चुगाली भाषा<br>स्पेनी भाषा | सोमबार – शुक्रबार १०:०० – १८:०० दोभाषेको समयका लागि सम्पर्क गर्नुहोस।<br>मंगलबार – बिहिबार |
| ओसाका लिगल एफिएर्स ब्यूरो ह्युमन राईटस काउन्सेलिङ्ग फर फरेन नेशनल्स | ओसाका दाइनी होमु गोदो च्योसा, २-१-१७ तानिमाची, च्यूओकु, ओसाका सी | ०५७०-०९०९११ | •चिनियाँ, अंग्रेजी कोरियाली, फिलिपिनो, पोर्चुगाली , भियतनामी भाषा<br>नेपाली, स्पेनी भाषा<br>ईण्डोनेशियाली, थाई<br>जापानी भाषा | ९:०० – १७:००<br>कार्य सप्ताह सम्म मात्र बर्षान्त र बर्ष आरम्भको बिदा बाहेक |

## चिकित्सा परामर्श

| नाम | टेलिफोन नम्बर | सेवा | भाषा | संचालन मिति |
|---|---|---|---|---|
| विदेशीहरुको लागि स्वास्थ्य सेवा सम्बन्धी जानकारी<br><br>ओसाका मेडिकल नेट् | ओसाका हेल्थ केयर डिपार्टमेन्ट, मेडिकल केयर डिभिजन, नर्सिङ्ग केयर सेक्सन<br>०६-६९४१-०३५१ | ओसाका क्षेत्रमा भएका बिरामीहरुको स्वास्थ्य सुचनाको तथ्यांक | अंग्रेजी<br>चिनियाँ,<br>कोरियाली भाषा<br>स्पेनी भाषा<br>पोर्चुगाली<br>भियतनामी भाषा<br>फिलिपिनो<br>जापानी भाषा | https://www.mfis.pref.osaka.jp/omfo/ |

## शिक्षा सम्बन्धमा

| नाम | स्थान | टेलिफोन नम्बर | कैफियत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| ओसाका प्रिफेक्चर रिसर्च काउन्सिल फर फरेनर एजुकेशन | | फ्याक्स:०५०-३३८३-२६८३<br>Mail:fugaikyo@nifty.com | |
| ओसाका सिटि रिसर्च काउन्सिल फर फरेनर एजुकेशन | | | |
| ओसाका स्कुल्स रिसर्च काउन्सिल फर फरेनर एजुकेशन<br>तोयोनाखा बोर्ड अफ एजुकेशन | | टेलिफोन नम्बर :०७२-२९९-९००० <br>फ्याक्स:०७२-२९३-२८५९<br>Mail:furitsugaikyo@nifty.com | |
| ओसाका बोर्ड अफ एजुकेशन | २ ओतेमाए, च्यूओकु ओसाका सी | टेलिफोन नम्बर :०६-६९४१-०३५१<br>(प्रिफेक्चुअल अफिस)<br>फयुचर प्रोस्पेक्टस, इम्प्लोयमेन्ट अपर्चुनिटिज, हाई स्कुल डिभिजन, स्टुडेन्ट गाइडान्स ग्रुप (एक्स्टेन्सन ३४३२)<br>ट्रान्सफरिङ्ग स्कुल्स, इन्ट्रान्स एक्जाम,<br>हाई स्कुल डिभिजन, स्कुल एफिएर्स ग्रुप<br>(एक्स्टेन्सन ३४२०) | |

○ बालबच्चा परिवार केन्द्र, शिशु परामर्श केन्द्र

शिशु परामर्श केन्द्रमा शिशु कल्याण ऐन अनुसार शिशु कल्याणको पहिलो विषेशज्ञ संस्थाको रुपमा जापानका सम्पुर्ण स्थान तथा सरकारले तोकेको निश्चित ठाँउमा संचालन गरिएको हुन्छ । ओसाका प्रिफेक्चरमा हेइसेइ ६ सालबाट नाम परिवर्तन भई बालबच्चा तथा परिवारको बारे परामर्श दिन सकिने स्थानको रुपमा संचालन गरिएको छ ।

■ शिशु सम्बन्धि परामर्श

शिशु कल्याण ऐनले निर्देशित गरे अनुसार शिशु परामर्श केन्द्रको स्थापना भई शिशु स्वास्थ्य परिक्षण, उपचार तथा सिमित समयको लागि अभिभावकत्व पनि प्रदान गर्ने गर्दछ ।

- शिशु सम्बन्धि समस्याहरुको बारेमा परिवार र अन्य संभन्धित व्यक्तिलाई परामर्श सेवा प्रदान गर्दछ ।
- शिशु तथा परिवारकोबारेमा शिशु स्वास्थ्य अधिकारी मार्फत सामाजिक परिक्षण, मनोबैज्ञानिक तथ्याकं संकलन गर्ने र चिकित्सक मार्फत स्वास्थ्य परिक्षण तथा अन्य परिक्षण गरी समस्या निराकणका लागि मार्ग निर्देश गर्ने गर्दछ ।
- आवश्यकता अनुसार शिशुलाई शिशु कल्याण केन्द्रमा भर्ना गरी वा धाई आमा खटाएर स्वस्थ बच्चा हुर्काउन मद्दत गर्ने गर्दछ ।
- शिशुलाई अस्थायी रुपमा अभिभावकत्वको आवश्यकता परेमा सो अनुसार व्यवस्था गर्ने गर्दछ ।
- बच्चाको मानसिक विकाश सम्बन्धि पुर्व परिक्षण तथा विभिन्न परामर्श सेवा प्रदान गर्ने गर्दछ ।

| सेन्टरको नाम | ठेगाना, फोन नम्बर | कैफियत |
|---|---|---|
| चाइल्ड काउन्सिलिङ्ग (बाल समस्या परामर्श) सेन्टर (बच्चाको लागि मात्र) (टोल फ्रि) | ०१२०-७२८५-२५ | (बर्षै भरी खुला) |
| ओसाका सेन्ट्रल चाइल्ड एण्ड फ्यामेली सेन्टर | 〒५७२-०८३८ २८-५ यासाकाच्यो, नेयागावा सी ०७२-८२८-०१६१ | मोरीगुची, हिराखाता, नेयागावा, दाइतो, खादोमा, सिजोनावाते र खातानो को लागि |
| इकेदा चाइल्ड एण्ड फ्यामेली सेन्टर | 〒५६३-००४१ ९-१७ मासुमीच्यो, इकेदा सी ०७२-७५१-२८५८ | तोयोनाखा, इकेदा, मिनो, तोयोनोच्यो र नोसेच्योको लागि |
| सुइता चाइल्ड एण्ड फ्यामेली सेन्टर | 〒५६४-००७२ १९-३ देगुचीच्यो, सुइता सी ०६-६३८९-३५२६ | सुइता, ताखाचुची, इबाराकी, सेच्चु र सिमामोतो च्योको लागि |
| हिगाशी ओसाका चाइल्ड एण्ड फ्यामेली सेन्टर | 〒५७७-०८०९ १-७-४ आइवा, हिगासी ओसाका सी ०६-६७२१-१९६६ | हिगासी ओसाका सी, याओ र खासिवाराको लागि |
| ओसाकाफु तोन्दाबायासी चाइल्ड एण्ड फ्यामेली सेन्टर | 〒५८४-००३१ २-६-१ कोतोबुकीच्यो, तोन्दाबायासी सी मिनामी कावाजी सिमिन सेन्टर ०७२१-२५-११३१ | तोन्दाबायासी, खावाची नागाानो, माचुबारा, हावीकोनो, फुजीदेरा, ओसाका सायामा, ताइसीच्यो, कानानच्यो र चिहाया आकासाका मुराको लागि |
| ओसाकाफु किसिवादा चाइल्ड एण्ड फ्यामेली सेन्टर | 〒५९६-००४३ ७-३० मियामाच्यो किसिवादा सी ०७२-४४५-३९७७ | इजुमीओचु, इजुमी, ताकाइसी, किसिवादा, इजुमीसानो, खाइजुका, सेन्नान, हान्नान, कुमातोरीच्यो, ताइजीरीच्यो, तादाओकाच्यो र मिसाकी च्योको लागि |

| | | |
|---|---|---|
| ओसाकासि च्यूओउ कोदोमो सोउदान सेन्टर | 〒५४०-०००३<br>१-१७-५, च्युओ, मोरिनोमिया, च्यूओकु, ओसाका सी<br>०६-४३०१-३१०० | कोनोहाना वार्ड, चुओ वार्ड, निशी वार्ड, मिनाटो वार्ड, ताइसो वार्ड, तेनोजी वार्ड, नानिवा वार्ड, हिगाशिनारी वार्ड, इकुनो वार्ड, जोटो वार्ड, सुरुमी वार्ड, सुमिनो वार्ड, निशिनारी वार्ड। |
| ओसाकासि होकुबू कोदोमो सोउदान सेन्टर | 〒५३३-००३२<br>३-१३-३६, आवजी, हिगाशियोदोगावा वार्ड ओसाका सिटी<br>०६-६१९५-४११४ | किटा वार्ड, मियाकोजिमा वार्ड, फुकुशिमा वार्ड, निशियोदोगावा वार्ड, योदोगावा वार्ड, हिगाशियोदोगावा वार्ड, असाही वार्ड |
| ओसाकासि नान्बु कोदोमो सोउदान सेन्टर | 〒५४७-००२६<br>६-२-५५ वेस्ट हिरानो वार्ड, ओसाका सिटी<br>०६-६७९८-५०५० | आबेनो वार्ड, सुमियोसी वार्ड, हिगासी सुमियोसी वार्ड र हिरानो वार्ड |
| साखाइसि कोदोमो सोउदान सेन्टर | 〒५९०-०८०८ ४-३-१, नाखामाची आसाहिगाओखा, साखाइ सी<br>०७२-२४५-९१९७ | साखाइको लागि |

**१८ बच्चाहरुलाई बिद्यालयमा व्यावसायिक पाठ पढाउने प्रणाली ( ओसाकाफु जिनजाइ बानकु /बैंक)** माथि

ओसाका प्रिफेक्चरमा बिद्यालयलाई सहयोग गर्ने हुमन रिसोर्स बैंक /मानव संशोधन बैंक भनिने प्रणाली छन ।

बिभिन्न क्षेत्रमा कार्यरत व्यक्तिहरुले बिद्यालयमा बालबच्चालाई व्यावसायिक पाठ पढाउने विशेष प्रणाली रहेको छ ।
यस प्रणाली अन्तर्गत ओसाका प्रिफेक्चर मातहतका उच्च माध्यामिक बिद्यालयहरुमा धेरै व्यक्तिहरुले सहभागी भई सेवा प्रदान गरि रहनु भएको छ ।
https://www.pref.osaka.lg.jp/kotogakko/jinzai/

## १९ काम लगाई दिने निकाय ( हेल्लो वर्कको विवरण) माथि

हेल्लो वर्क काम गर्न चाहने व्यक्तिहरुलाई काम खोजी दिने निकाय हो । ओसाका प्रिफेक्चरमा सार्वजनिक रोजगार निकाय (हेल्लो वर्क) निम्न स्थानमा रहेका छन ।

| नाम | टेलिफोन नम्बर | पोस्टल कोड | ठेगाना |
|---|---|---|---|
| हेल्लो वर्क ओसाका हिगासी | ०६–६९४२–४७७१ | ५४०–००११ | १, २, ३ तल्ला, पिप्पु भवन, २–१–३६नोनिनबासी, च्यूओ कु, ओसाका सि, |
| हेल्लो वर्क उमेदा | ०६–६३४४–८६०९ | ५३०–०००१ | १६ तल्ला, एकिमाए, दाइ नि भवन, १–२–२ उमेदा किताकु, ओसाका सि |
| हेल्लो वर्क ओसाका निसी | ०६–६५८२–५२७१ | ५५२–००११ | १–२–३४ मिनामी इचिओखा, मिनातो कु ओसाका सि |
| हेल्लो वर्क आबेनो | ०६–४३९९–६००७ | ५४५–०००४ | १–४–२ फुमिनोसतो, अबेनो–कु, ओसाका सि |
| आवेनो हेल्लो वर्क (लुसियस सरकारी भवन) | ०६–६६३१–१६७५ | ५४५–००५२ | १–५–१ अबेनोसुजि, अबेनो–कु, ओसाका सि<br>आबेनो रुसिआस भवन ८औं तल्ला |
| हेल्लो वर्क योदोगावा | ०६–६३०२–४७७१ | ५३२–००२४ | ३–४–११ ज्युसो होन्माची, योदोगावाकु, ओसाका सि |
| हेल्लो वर्क फुसे | ०६–६७८२–४२२१ | ५७७–००५६ | ४ तल्ला इओन फुसे एकिमाए स्टोर, १–८–३७ च्योदो हिगशी ओसाका सि |
| हेल्लो वर्क साखाइ | ०७२–२३८–८३०१ | ५९०–००७८ | १, २ & ३ तल्ला, साकाइ म्युनिसिपल गवर्मेन्ट अफिस भवन, २–२९ मिनामी कावारा, माची साखाइ कु साखाइ सि |
| हेल्लो वर्क साखाइ<br>साखाइ हिगासी एकिमाए अफिस | ०७२–२३८–८३०५ | ५९०–००२८ | ९ तल्ला ताकासिमायासाखाइ डिपार्टमेन्ट स्टोर, ५९ मिकुनिगाओखा मीयुकिदोरी साखाइ कु साखाइ सि |
| हेल्लो वर्क किसिवादा | ०७२–४३१–५५४१ | ५९६–०८२६ | १२६४ जाकुजाइच्यो किसिवादा सि |
| हेल्लो वर्क इकेदा | ०७२–७५१–२५९५ | ५६३–००५८ | १२–९ साखाइ –होन्माची, इकेदा सि |
| हेल्लो वर्क इजुमिओओंचु | ०७२५–३२–५१८१ | ५९५–००२५ | २ तल्ला टेक्स्पिअ ओसका २२–४५ आसाहिच्यो इजुमीओस्चु सि |
| हेल्लो वर्क फुजिदेरा | ०७२–९५५–२५७० | ५८३–००२७ | ३ तल्ला DH फुजीदेरा एकिमाए भवन २–१०–१८ ओका, फुजीदेरा सि |
| हेल्लो वर्क हिराकाता | ०७२–८४१–३३६३ | ५७३–००३१ | ६ तल्ला विएओर्णे एओन हिराकाता स्टोर, ७–१ ओकामोतो–चो हिराकाता सि |
| हेल्लो वर्क इजुमिसानो | ०७२–४६३–०५६५ | ५९८–०००७ | २–१–२० उए–माचि, इजुमिसनो– सि |

| | | | |
|---|---|---|---|
| हेल्लो वर्क इबाराकी | ०७२–६२३–२५५१ | ५६७–०८८५ | १–१२ हिगासिचुजो इबाराकि सि |
| हेल्लो वर्क खावाचीनागानो | ०७२१–५३–३०८१ | ५८६–००२५ | ७–२ सोओचो, काबाचिनागानो सि |
| हेल्लो वर्क खादोमा | ०६–६९०६–६८३१ | ५७१–००४५ | २ तल्ला, मोरिगुची कादोमा सोसैति ओफ कमर्श एन्ड इन्डष्ट्री ६–४ टोनेसिमाच्यो कादोमा सि |
| ओसाका गाईकोकुजिन कोयोउ सर्विस सेन्टर | ०६–७७०९–९४६५ | ५३०–००१७ | ८–४७ हान्क्यू ग्राण्ड बिल्डङ्ग १६ औं तल्ला ओसाकासिकिताकु काकुदाच्यो |

**२० काम गर्न चाहने व्यक्तिहरुका लागि व्यावसायिक ज्ञान र प्रविधिका बारे अध्यापन गराउने बिद्यालयहरु (काम गर्नकोलागि चाहिने प्रविधि सिकाउने स्थान)** माथि

यस्ता बिद्यालयहरु साधारण पाठयक्रमको उच्च माध्यामिक बिद्यालयमा अध्यापन गराईने विषय भन्दा भिन्न भई व्यावसायिक ज्ञान तथा प्रविधिहरुको अध्यापन गराईने बिद्यालय हो ।

◆ उच्च माध्यामिक व्यावसायिक प्राविधिक बिद्यालय

यस्ता बिद्यालयहरुमा ६ महिना देखि २ बर्षे छोटो अवधि भित्र बिभिन्न व्यावसायिक तालिमहरु संचालन गरी व्यावसायिक ज्ञान तथा प्रविधिहरु सिकाईन्छ ।

यस्ता बिद्यालयहरुमा हेल्लो वर्क मार्फत आवेदन दिईन्छ ।

ओसाका प्रिफेक्चर भित्र ५ वटा ( जस मध्ये एउटा शारिरीक अपाङगता भएका बिद्यार्थीको लागि व्यावसायिक प्राविधिक बिद्यालय ओसाका) बिद्यालय छन ।

| | |
|---|---|
| ओसाका फुरिचु किता ओसाका कोउतोउ स्योकुग्योउ गीज्युउचु सेनमोनकोउ | ०७२–८०८–२१५१ |
| ओसाका फुरिचु हिगाशी ओसाका कोउतोउ स्योकुग्योउ गीज्युउचु सेनमोनकोउ | ०७२–९६४–८८३६ |
| ओसाका फुरिचु मिनामी ओसाका कोउतोउ स्योकुग्योउ गीज्युउचु सेनमोनकोउ | ०७२५–५३–३००५ |
| ओसाका फुरिचु युहिगाओखा ओसाका कोउतोउ स्योकुग्योउ गीज्युउचु सेनमोनकोउ | ०६–६७७६–९९०० |
| ओसाका स्योउगाइस्या स्योकुग्योउ नोउर्योकु खाइहाचुकोउ | ०७२–२९६–८३११ |

बिस्तृत जानकारीको लागि कक्षा शिक्षक वा पथ प्रदर्शक/ मार्ग निर्देशक शिक्षक संग सल्लाह गर्नुहोस ।

◆ उच्च माध्यामिक व्यावसायिक बिद्यालय

बिद्यार्थीलाई कुनै बिषयमा गहिरिएर अध्ययन गराई व्यावसायको लागि आवश्यक क्षमता अभिबृद्धि गर्ने अभिप्रायले यस्ता बिद्यालय संचालित भएका हुन्छन । औधौगिक क्षेत्रका व्यावसायिक विषयहरुको अध्यापन गराईन्छ । ५ वर्षे यो तह उत्तीर्ण गरे पछि प्राविधिक विशेषज्ञको रुपमा काम शुरु गर्ने वा विश्वविद्यालयमा भर्ना हुने भन्ने बाटोहरु हुन्छन ।

ओसाकामा पाँच वर्षको ओसाका पब्लिक युनिभर्सिटी कलेज अफ टेक्नोलोजी छ ।

◆ मिसेलेनियस स्कुल/ विविध बिद्यालय, विशेष शिक्षा उच्च माध्यामिक बिद्यालय

○ मिसेलेनियस स्कुल/ विविध बिद्यालय

यस्ता बिद्यालयहरु समाजकोलागि आवश्यक प्रविधि तथा क्षमता कम समयावधिमा हाँसिल गराउने बिद्यालय हुन । साधारणतया यस्ता बिद्यालयको अध्ययन १ वर्ष जतिको हुन्छन ।

अध्ययन क्षेत्रहरुः सौन्दर्य, केश कटाई, खाना पकाउने कलाको /कुकिङ्गको अध्ययन गरिने बिद्यालय

○ विशेष शिक्षा उच्च माध्यामिक बिद्यालय

यस्ता बिद्यालय, माध्यामिक बिद्यालय उत्तीर्ण गरेपछि भर्ना भई सके पछि व्यावसायिक पाठका अलावा उच्च माध्यामिक बिद्यालयको पाठहरु पनि पढाईने बिद्यालयहरु हुन । प्रविधि सहायता प्रणाली लागु गरी उच्च माध्यामिक बिद्यालयहरु संग सहकार्य गरी उच्च माध्यामिक बिद्यालयको प्रमाणपत्र पनि लिन मिल्दछ ।

अध्ययनका क्षेत्रहरुः कम्प्युटर सम्बन्धी विशेष शिक्षा उच्च माध्यामिक बिद्यालय, सौन्दर्य, केश कटाई सम्बन्धी विशेष शिक्षा उच्च माध्यामिक बिद्यालय, गृह विज्ञान सम्बन्धी विशेष शिक्षा उच्च माध्यामिक बिद्यालय, विदेशी भाषा सम्बन्धी विशेष शिक्षा उच्च माध्यामिक बिद्यालय, गाडी मर्मत सम्बन्धी विशेष शिक्षा उच्च माध्यामिक बिद्यालय

## २१ माध्यामिक बिद्यालय उत्तीर्ण भए पछि के गर्ने ? तुरुन्तै स्वदेश फर्कनु पर्ने हो ? (बिद्यार्थीको भविष्यको बाटोहरु)

माथि

प्रश्न १ मेरो बच्चा चाँडै माध्यामिक बिद्यालय उत्तीर्ण गर्दैछ । त्यस पछि जापानमा कस्ता बाटाहरु छन ?

उत्तरः जापानको माध्यामिक बिद्यालय उत्तीर्ण गरे पछि उच्च तहमा अध्ययन गर्ने वा काम गर्ने भन्ने २ वटा बाटो हुन्छन । उच्च तहमा अध्ययन गर्ने हो भने उच्च माध्यामिक बिद्यालय, उच्च माध्यामिक व्यावसायिक बिद्यालय, मिसेलेनियस/विविध बिद्यालय स्कुल, बिशेष शिक्षा उच्च माध्यामिक बिद्यालय, उच्च माध्यामिक व्यावसायिक प्राबिधिक बिद्यालयहरु हुन्छन । बिद्यार्थीको कक्षा शिक्षकसंग सल्लाह गरी जाने बिद्यालय निश्चित गर्नु पर्दछ । बिस्तृत जानकारीको लागि माध्यामिक बिद्यालय उत्तीर्ण भए पछिको बाटोहरु भन्ने पेज हेर्नुहोस ।

प्रश्न २ स्वदेश कहिले फर्कने हो अझै निश्चित छैन । जापानमा उच्च तहमा भर्ना भएपछि हाम्रो देशको शिक्षा स्तरको मान्यता पाउँछ होला ?

उत्तरः देश अनुसार शिक्षा प्रणाली फरक हुन्छन । जापानको शिक्षा प्रणालीलाई मान्यता दिने स्थानहरु पनि धेरै छन । स्वदेश फर्कदा अध्ययन गर्ने वर्ष नपुग्ने, अध्ययन गर्ने विषय थोरै भएको हुने जस्ता अवस्था भएमा त्यहाँ अपुग भएको पढाई पुरा गर्नु आवश्यक छ । दुबै देशको शिक्षा प्रणालीबारे राम्ररी अध्ययन गरी हेर्नुहोस ।

प्रश्न ३ मेरो बच्चालाई उच्च माध्यामिक बिद्यालयमा पठाउन चाहन्छु तर पढाउनको लागि आवश्यक खर्चको बारेमा चिन्तित छु ।

उत्तरः जापानमा छात्रबृत्ति प्रणाली हुने भएकोले उच्च माध्यामिक बिद्यालय, विश्वविद्यालय तथा विशेष शिक्षा उच्च माध्यामिक बिद्यालयमा अध्ययन गर्नको लागि आवश्यक रकम सापट दिइने व्यवस्था छ । पढाई सकिएर काम गर्न शुरु गरे पछि सापट लिएको रकम फिर्ता दिदैं जानु पर्दछ ।

जापानमा बिभिन्न छात्रबृति प्रणाली हुने र उक्त प्रणाली अनुसार सापट पाईने रकम तथा फिर्ता गर्ने तरिकाहरु फरक हुने अवस्था हुन्छन । ओसाकाको उच्च माध्यामिक बिद्यालयको हकमा ओसाकाफु इकुएइखाईको छात्रबृति प्रणाली रहेको छ । थप जानकारीको लागि, कृपया तलको वेबसाइटमा जानुहोस् ।

https://www.pref.osaka.lg.jp/kotogakko/syogaku201904/index.html

प्रश्न ४ बिद्यालयमा कस्तो कपडा लगाएर जानु पर्छ ?

उत्तरः साधारणतया, माध्यामिक बिद्यालय तथा उच्च माध्यामिक बिद्यालयमा युनिफर्म लगाई जानु पर्दछ । युनिफर्म भनेको बिद्यालयले निर्धारण गरेको लुगा/पोशाक हो । बिद्यालयहरुमा जाडोयाममा लगाउने युनिफर्म र गर्मीयाममा लगाउने युनिफर्मको व्यवस्था गरिएको हुन्छ ।

प्राथमिक बिद्यालयमा भने युनिफर्म नभएका बिद्यालयहरु धेरै छन । युनिफर्म नभएका बिद्यालयहरुमा चल्न सजिलो हुने खालको कपडा लगाई जानु पर्दछ ।

प्रश्न ५ दिउँसोको खाना अनिवार्य रुपले बनाई बिद्यालय पठाउनु पर्ने हो ?

उत्तरः प्राथमिक बिद्यालयहरुमा बिद्यालय खाना (बिद्यालयले उपलब्ध गराउने खाना) उपलब्ध हुन्छ । बिद्यालयमा अरु साथी संगै एकै खालको खाना खान सकिन्छ । माध्यामिक बिद्यालयहरुमा बिद्यालय अनुसार बिद्यालय खाना उपलब्ध हुने नहुने अवस्था हुन्छ । सम्पुर्ण बिद्यार्थीलाई उपलब्ध गराउने वा खानाको लागि आवेदन दिएका बिद्यार्थीलाई मात्र उपलब्ध गराउने अवस्था हुन सक्छन । बिद्यालय खाना नभएको अवस्थामा घरबाट खाना लिई जानु पर्ने हुन्छ । खाना लिई जान नपाएमा पाउरोटि किनेर लाने गर्नु पर्छ । बिद्यालयमा परिशरमा पाउरोटि बेच्ने बिद्यालयहरु पनि छन । प्राय सबै उच्च

माध्यामिक बिद्यालयमा खाना लिई जानु पर्दछ । यस्ता बिद्यालय परिशरमा पाउरोटि र दुध बेच्ने बिद्यालय पनि हुन्छन । क्यान्टिन हुने र पैसा तिरेर खाना खान सकिने उच्च माध्यामिक बिद्यालयमाहरु पनि हुन्छन ।

जापानका धेरै जसो बिद्यालयहरुमा बिहान प्रवेश गरे देखि फर्कने बेला नभएसम्म बिद्यालय बाहिर जान नपाईने नियम हुन्छ । त्यसैले घरबाट खाना लिई जाने वा पैसा लिएर गई पाउरोटि खाने वा उच्च माध्यामिक बिद्यालय भएमा क्यान्टिनमा खाने गर्नु पर्दछ ।

प्रश्न ६ बिद्यालयको पिटिए भनेको के हो ?

उत्तरः अंग्रेजी भाषाको प्यारेन्ट टिचर एशोसियशनलाई छोटकरीमा पिटिए भनिन्छ । अभिभावक र शिक्षक शिक्षिकाहरुको भेला लाई पिटिए भनिन्छ ।

यस भेलाको मुख्य उद्देश्य भनेको विद्यालय र घरमा विद्यार्थीहरूको पढाई लेखाई, सिकाइको बारेमा छलफल गर्ने तथा अभिभावकको रूपमा विद्यालयका कार्यक्रमहरूमा भाग लिने लगायत बालबालिकालाई हुर्काउन शिक्षक र अभिभावकहरूसँगै मिलेर सहकार्य गर्नु हो।

आजभोली, बालबच्चा बिद्यालय आवतजावत गर्ने बेलामा बिभिन्न आपराधिक कार्यमा संग्लन गराईन सक्ने खतरा भएको हुँदा पिटिएले पिटिएमार्फत बालबच्चाको रेखदेख गरिने बिद्यालयहरु पनि छन ।

२२ **बच्चा बिद्यालय जान मान्दैन (बिद्यालय नजाने अवस्थामा)** माथि

प्रश्न

मेरो बच्चा आजकल बिद्यालय गई रहेको छैन जस्तो छ (जान मान्दैन) । के गर्ने होला ?

उत्तर परामर्शदाताको उत्तर

जापान फर्किएका/आएका बालबच्चा, बिद्यार्थीहरुले जापानको बिद्यालयमा भर्ना वा बिद्यालय परिवर्तन भएको अवस्थामा जापानी भाषा नबुझेको, जापानको संस्कृति तथा शिक्षा प्रणालीको फरकका कारणले साथीहरु संग राम्रो सम्बन्ध बनाउन नसक्ने, कक्षाको पाठ नबुझ्ने, जापानी खाना खान नसक्ने आदि जस्ता अवस्था हुन्छन । यस्ता कारणले बिद्यालयमा जान नचाहने अवस्था हुन सक्छ । (बिद्यालयमा नजाने अवस्थामा)

बिद्यालयमा जाने बातावरण बनाउनको लागि सबै भन्दा पहिले जान नचाहने कारणहरु पत्ता लगाएर त्यसको समाधान गर्नु अत्यावश्यक छ । बिद्यालय जान नचाहने बिभिन्न कारणहरु हुन सक्ने भएकोले बच्चाको बिद्यालय जीवन बारे सबै भन्दा बढी जानकारी भएको बुझ्ने कक्षा शिक्षकसंग सल्लाह गरी हेर्नुहोस । त्यस्तै अभिभावक र शिक्षक शिक्षिकाहरुले सहकार्य गरी बिद्यार्थीको समस्या निवारण गर्न जरुरी छ ।

सबै भन्दा पहिला बिद्यालयका शिक्षकसंग छलफल गर्नु आवश्यक हुन्छ ।

---

※ बिद्यालय बाहेकको छलफल गर्न सकिने स्थान

बच्चा बिद्यालय नजाने समस्याको बारेमा यदि बिद्यालयको शिक्षकसंग छलफल गर्न नमिल्ने भएमा ओसाकाफु कोदोमो खातेइ सेन्टर जस्ता निकायमा छलफल गर्न सक्नुहुन्छ ।

परामर्श कक्ष विवरणको बालबालिका र परिवार केन्द्र बाल परामर्श कक्ष (पृष्ठ ३१) मा विवरण हेर्नुहोस ।